# यूहन्नाको सुसमाचार भाग २
## पृथ्वीमा येशूको अन्तिम दिनहरू

फ्रेड मौरीसद्वारा व्यक्तिगत वा समुहमा अध्ययन गर्नको लागि तयार पारिएको बाइबल शिक्षा टिप्पाणी




सुसमाचार यूहन्ना भाग २

अध्यय १२ देखि २१

## अगुवा वा पाठकको लागि

यी बाइबल टिप्पाणीहरूले परमेश्वरको वचनको सत्यतालाई यस्तो प्रकारले वर्णन गरिएको छ कि सबैजनाले सजिलोसँग पढ्न र बुझ्न सकोस्। यी वचनहरू अनुवाद गर्नको लागि पनि सजिलो हुन्छन्। तपाईंहरूले यी पुस्तकहरूलाई प्रयोग गर्दै आफैले व्यक्तिगत रुपमा र अरुहरूसँग समुहमा बाइबललाई अध्ययन गर्नको लागि प्रयोग गर्न सक्नुहुन्छ। सम्भव भएसम्म प्रत्येक व्यक्तिले उसको वा उनको आफनै किताब र बाईबल हुनुपर्छ।

### अब यसलाई पढ्नुहोस्:

जहाँ तपाईंले यसलाई देख्नुहुन्छ, यसको अर्थ हो, सँधै तपाई वा तपाईंको समुहको अगुवाले यो किताबमा भएका शब्दहरू भन्दा अगाडि बाइबलको खण्डलाई पढ्नुपर्छ।

### यसको बारेमा कुरा गर्नुहोस्:

जहाँ, तपाईंले यसलाई देख्नुहुन्छ, समुहमा सोध्न सकिने प्रश्नहरू हुन्छन्। यी प्रश्नहरूले पनि पाठकलाई बाइबलको पदहरूलाई सम्झिनको लागि सहायता गर्दछ।

### यसलाई बिचार गर्नुहोस्:

जहाँ, तपाईंले यो देख्नुहुन्छ, तब त्यहाँ रहेका प्रश्नहरूको लागि अलि बढी समय र व्यक्तिगत अध्ययन मग्नता चाहिन्छ।

### शिक्षण पेटीकाको बारेमा नियमहरू:

जहाँ तपाईंले यसलाई देख्नुहुन्छ तब यी बाकस भित्र बाइबल लेखिएको बेलामा विश्वासीहरूको लागि र आजका विश्वासीहरूको लागि अतिरिक्त जानकारीहरू दिइएको हुन्छ।


## कृतज्ञताहरू:

बाइबलका पदहरू नयाँ अन्तराष्ट्रिय संसोधित सँस्कारण पवित्र बाइबलबाट निकालिएको छ र यी पदहरू अन्तराष्ट्रिय बाइबल सोसाईटीको सँस्करण १९९६, १९९८ मा अधिकार निहित छ। त्यति खेर **Hodder & Stoughton Ltd, जो Hodder Headline Group** समुहका सदस्य थिए उहाँहरूको अनुमतिमा प्रकाशन गरिएको थियो। सम्पूर्ण अधिकार निहित छ। यसलाई अनलाईनमा हेर्नको लागि www .biblestudytools .com/nirv जानुहोला ।

**चित्रहरू © Global Recording Network (GRN) को अनुमतिमा प्रयोग गरिएको छ।**



यूहन्ना भाग २ मन्ना बाइबल शिक्षाण टिप्पणी २००८, २०१५, २०२२ मा अधिका निहित छ।

सम्पूर्ण अधिकार फ्रेड मरीस, मन्ना प्रकाशन (अमेरीका) इन्कर्पोरेटमा निहित छ।



यो पहिलो प्रकाशन युकेमा २०१५ मा गरिएको थियो।

परमेश्वरले हामीलाई यी शिर्षकहरू तल उल्लेखित देशहरूमा प्रकाशन गर्नको लागि सक्षम बनाउनु भएको छ।

पुनःछपाई २०१८ क्यामरुन (अँग्रेजी), बरकिना फासो (फ्रान्सेली भाषा)

पुनःछपाई २०१९ जाम्बिया (अँग्रेजी), क्यामरुनमा (फ्रान्सेली भाषा)

पुनःछपाई २०२१ जाम्बिया (अँग्रेजी),

पुनःछपाईः २०२२ः केन्य (अँग्रेजी), जाम्बिया (अँग्रेजी), मेक्सीको (स्पेनिश)

पुनःछपाई २०२३ः जाम्बिया (अँग्रेजी), डिआर कङ्गगो (फ्रेन्च, किलुबा), नेपाल (नेपाली)

# यूहन्नाको सुसमाचार भाग २: अध्याय १२ देखि २१

## परिचय

प्रेरित यूहन्नाले यो सुसमाचार लेखेका छन्। यो मत्ती, मर्कूस, लूका र यूहन्नाका चार पुस्तकहरूमध्ये एक हो जुन लगभग २००० वर्षअघि येशूका अनुयायीहरूद्वारा लेखिएका थिए। यसले हामीलाई प्रतिज्ञा गरिएको यहूदी मसीह येशू ख्रीष्टको सुसमाचार बताउँछ। येशू इस्राएलमा सर्वशक्तिमान परमप्रभु परमेश्वर पुत्रको रूपमा कन्या मरियमद्वारा जन्मनु भयो। उहाँ पृथ्वीमा लगभग ३३ वर्षसम्म रहनुभयो। आफ्ना पिताले उहाँलाई मृत्युबाट बौरिउठाउनु भएपछि उहाँ स्वर्गमा फर्कनुभयो। धेरैले येशू प्रतिज्ञा गरिएको मुक्तिदाता र परमेश्वर पुत्र हुनुहुन्छ भनि विश्वास गरेका थिएनन्। यद्दपि, यूहन्नाले आफ्ना पाठकहरूलाई येशूका चमत्कारहरू र शिक्षाहरूको शक्तिबारे बताए ताकि सबै मानिसहरूले सत्य जान्न र बिश्वास गर्न सकून्। यूहन्नाले हामीलाई येशूको परीक्षा, मृत्यु र पुनरुत्थानको बारेमा पनि बताउँछ। येशू स्वर्ग फर्कनु अघि के भएको थियो भनेर उहाँले हामीलाई बताउनुहुन्छ।

## बाइबल पढाइ: यूहन्ना अध्याय १२
## येशूको लागि भोजमा के भयो ?

यो दिन शबाथ दिन थियो, निस्तार चाडको छ दिनअघि (लेवी २३:५)। येशू यरूशलेम नजिकैको बेथानी गाउँमा आफ्ना साथीहरूकहाँ फर्कनुभयो। येशूका साथीहरू मरियम, मार्था र लाजरसको घरमा तिनीहरूले येशूको सम्मानमा भोज खाए। येशूले लाजरसलाई मृत्युबाट ब्यूँताउनुभएको ठाउँ पनि यही थियो (यूहन्ना ११:४; १२:१)।

मार्थाले खाना पस्केकी थिइन् (१२:२)। तब मरियमले उहाँको खुट्टामा केही महँगो अत्तर खन्याइन्। उनले करिब आधा लिटर प्रयोग गरिन्। तिनले आफ्नो लामो केशले उहाँको खुट्टा पुछिन्। 'घर अत्तरको मीठो बास्नाले भरियो।' (१२:३)

### येशूलाई मार्ने योजना (यूहन्ना ११:४५–५७)

धेरै यहूदीहरूले बेथानीमा येशूले लाजरसलाई मृत्युबाट ब्यूँताउनुभएको देखे, त्यसैले तिनीहरूले उहाँमाथि विश्वास गरे (११:४५)। तर यहूदी अगुवाहरू चिन्तित र ईर्ष्यालु देखिन्थे। तिनीहरू चाहँदैनथे कि येशूका धेरै अनुयायीहरू होऊन् वा त्यतिबेला इस्राएलमा शासन गर्ने रोमीहरूसँग समस्या उत्पन्न होस्। तिनीहरू एकसाथ भेला भए र आफ्नो डरको बारेमा कुरा गरे। तिनीहरूले भने कि रोमीहरूले तिनीहरूको मन्दिर र तिनीहरूको राष्ट्रलाई नष्ट गर्न सक्छन् (११:४७–४८)। प्रधान पूजाहारी कैयाफाले तिनीहरूलाई भने, "सम्पूर्ण राष्ट्र नष्ट हुनुभन्दा मानिसहरूको लागि एक जना मर्नु राम्रो हो।" (११:५०) यी शब्दहरूद्वारा, उनले भविष्यवाणी गरे कि येशू यहूदी राष्ट्रको लागि मर्नेछन्। कैयाफाले यो पनि भविष्यवाणी गरे कि येशूले परमेश्वरका सन्तानहरूको लागि सबैतिर मर्नेछन्, तिनीहरूलाई एक बनाउनको लागि तिनीहरूलाई एकसाथ ल्याउनुहुनेछ (११:५१–५२)। यो पुरानो नियमका अगमवक्ताहरूले भनेका कुराहरूसँग मेल खान्छ। त्यस दिनदेखि, यहूदी अगुवाहरूले येशूलाई मार्ने योजना बनाए (११:५३)। तिनीहरूले मानिसहरूलाई येशू कहाँ हुनुहुन्थ्यो भनेर बताउन आदेश दिए ताकि तिनीहरूले उहाँलाई पक्रन सकून् (११:५७)।

यहूदा इस्करियोती रिसाए। तिनी चेलाहरूमध्ये एक थिए। पछि तिनले येशूलाई यहूदी अगुवाहरूको हातमा सुम्पिदिए। उहाँले भन्नुभयो कि उनले अत्तर खेर फालिन् (१२:४)। यहूदाले भने, "त्यो मलम किन बेचिएन ? त्यो पैसा गरिबलाई किन दिइएन ? यो एक वर्षको तलब बराबर थियो। तिनले गरिबहरूको हेरचाह गरेकै कारण यसो भनेनन् तर आफू चोर भएको कारणले यसो भने। यहूदा पैसाको थैलोको जिम्मामा थिए र त्यसमा भएका केही चीजहरू आफ्नो निम्ति लिन्थे (१२:५-६)।

मरियमको विश्वासले येशूलाई खुसी तुल्यायो। येशूले यहूदालाई जवाफ दिनुभयोः "उसलाई एक्लो छोडिदेऊ।" "अत्तर मलाई गाडिएको दिनको लागि थियो। तिमीहरूका बीचमा गरीबहरू सधैं रहनेछन् तर तिमीहरूले सधैं म पाउने छैनौ।" (२:७-८) मरियमले येशूका शब्दहरू सुन्दै जाँदा, उहाँको भविष्यको मृत्युबारे अझ बढी बुझिन्।
तपाईं किन येशूलाई प्रेम गर्नुहुन्छ भनेर कोही-कोहीले बुझ्नु सक्दैनन्। तपाईं उहाँको बारेमा अझ बढी सिक्न चाहनुहुन्छ भनेर मानिसहरूले बुझ्ने छैनन्। येशूले तपाईंलाई कसरी प्रेम गर्नुहुन्छ र तपाईंलाई पापबाट बचाउन मर्नुभयो भनेर तिनीहरूले बुझ्ने छैनन्। परमेश्वरको योजना तपाईंका लागि किन यति महत्त्वपूर्ण छ भनेर धेरैले बुझ्ने छैनन्। तपाईंले किन येशूलाई प्रेम गर्न, उपासना गर्न र पछ्याउन चाहनुहुन्छ भनेर तिनीहरूले बुझ्न सक्दैनन्। यहूदाले मरियमको आलोचना गरेझैं तिनीहरूले पनि तपाईंको आलोचना गर्नेछन्, तर निराश नहुनुहोस्। हाम्रा प्रभु येशू ख्रीष्ट तपाईंसँग हुनुहुन्छ र बुझ्नुहुन्छ।

## भोजपछि के भयो ?

येशू बेथानीमा हुनुहुन्छ भनेर धेरै मानिसहरूले सुने। तिनीहरू उहाँलाई र येशूले मृत्युबाट जिवित पार्नुभएको लाजरसलाई भेट्न आए (१२:९)। जब येशूले विश्वासीहरूको जीवन परिवर्तन गर्नुहुन्छ, मानिसहरू तिनीहरूलाई भेट्न आउनेछन्। यो विशेष गरी साँचो हो जब कसैले येशूको नाउँमा मानिसहरूलाई बचाउँदछ र निको पार्छ र मृत्युबाट उठाउँछ।

तथापि, मुख्य पूजाहारीहरूले येशू र लाजरस दुवैलाई मार्ने योजना बनाए (१२:१०)। 'लाजरसका कारण धेरै यहूदीहरू येशूको पछि लाग्न थालेका थिए। तिनीहरूले उहाँमा आफ्नो विश्वास राखेका थिए।' (१२:११)

यी कुराहरू हप्ताको सुरुवातमा भएको थियो जसले संसारलाई परिवर्तन गर्यो। भीडले येशूलाई आफ्नो राजाको रूपमा चाहन्थे। धर्मगुरुहरूलाई डर थियो कि उहाँले तिनीहरूको शक्ति खोस्नुहुन्छ र त्यसैले तिनीहरूले येशूलाई मार्न चाहन्थे। परमेश्वरको उद्देश्य आफ्नो पुत्रलाई मर्न दिनु र हामीले पाउनुपर्ने पापको दण्ड भोग्न दिनु थियो। तब येशू, यहूदी मसीह वा ख्रीष्ट, विश्वास गर्नेहरूका लागि संसारको मुक्तिदाता हुन सक्नुहुन्थ्यो।

आज, दुई अर्ब मानिसहरू येशू परमेश्वर पुत्र हुनुहुन्छ भनेर विश्वास गर्छन्। उहाँको मृत्यु र पुनरुत्थानद्वारा, विश्वासीहरू पापको पुरानो जीवनबाट मुक्त हुन्छन्। धेरै देशहरूमा, येशूको विश्वासी र अनुयायी हुनु खतरनाक छ। उहाँमा विश्वास गरेको कारण धेरैजना परिवार र साथीभाइबाट अलग्गिएका र मारिएका पनि छन्। हामीले सधैं संसारभरिका विश्वासीहरूको लागि प्रार्थना गर्न सम्झनु पर्छ र तिनीहरूमाथि दया गर्न तिनीहरूका पिता परमेश्वरलाई बिन्ती गर्नुपर्छ। हाम्रा सर्वशक्तिमान् परमप्रभु परमेश्वरको राज्य विस्तार होस् भनेर पनि प्रार्थना गर्नुहोस्।

# प्रतिज्ञा गरिएको मसीह यरूशलेममा आउनुहुन्छ

अर्को दिन येशू बेथानी छोडेर यरूशलेम तिर जानुभयो । (निस्तार–चाड) चाडको लागि आएको ठूलो भीडले येशू आउँदै हुनुहुन्छ भनी सुने... त्यसैले तिनीहरूले खजूरका हाँगाहरू लिए र उहाँलाई भेट्न निस्के ।; (१२:१२–१३) भीडले आफ्ना कोटहरू भुइँमा   याँकिदिए र हाँगाहरू हल्लाए। उनीहरू उत्साहित थिए। तिनीहरूले पुरानो नियमका प्रख्यात शब्दहरूद्वारा कराए, “परमप्रभुको नाउँमा आउने धन्यको !”
(भजनसंग्रह ११८:२६)।

येशूका चेलाहरूले एउटा सानो गधा भेट्टाए र उहाँ त्यसमाथि बस्नुभयो (यूहन्ना १२:१४) । यसले पुरानो नियमका वचनहरू पूरा गर्‍यो। “हेर, तिम्रो राजा आउँदै हुनुहुन्छ। उहाँ एउटा जवान गधामा बस्नु भएको छ। (१२:१५; जकरिया ९:९) उहाँ गधामा चढेर यरूशलेम जानुभयो।

सुरु–सुरुमा येशूका चेलाहरूले यी सबै कुरा बुझेनन्। पछि, तिनीहरूले यो महसुस गरे कि यी कुराहरू पुरानो नियममा उहाँको बारेमा लेखिएका थिए (१२:१६)।

धेरै मानिसहरू येशूलाई भेट्न बाहिर गए। उहाँले लाजरसलाई मृत्युबाट ब्यूँताउनुभयो भनी तिनीहरूले सुने (१२:१७–१८)। यहूदी अगुवाहरू येशूप्रति असाध्यै चिन्तित र भयभीत थिए। तिनीहरूले भने, “हेर सारा संसारले उहाँलाई कसरी पछ्याइरहेको छ।“ (यूहन्ना १२:१९)।
आज धेरै मानिसहरू येशूको पछि लाग्न डराउँछन्। तिनीहरू पश्चताप गर्न र आफ्नो पुरानो पापी चालचलन र बानी त्याग्न चाहँदैनन्। उहाँको पवित्रता र सत्यताले तिनीहरूलाई परमेश्वरको आज्ञा पालन गर्न र रोज्नु आवश्यक छ।

# यरुशलेममा आउने आगन्तुकहरूले येशूबारे सोध्छन्

चाडको समयमा अन्य देशहरूबाट थुप्रै आगन्तुकहरू यरूशलेम गए। कोही–कोही आगन्तुकहरू यहूदी थिएनन् तर तिनीहरू पनि परमेश्वरको उपासना गर्न आएका थिए। तिनीहरूले चेला फिलिपलाई भने, “हामी येशूलाई भेट्न चाहन्छौं।” (१२:२०–२१) येशूलाई थाहा थियो कि गैर–यहूदीहरू र यहूदीहरूले परमेश्वरको मुक्ति पाउने लगभग समय भइसकेको छ। क्रूसमा उहाँको बलिदानले उहाँ सर्वशक्तिमान् परमेश्वर पुत्र हुनुहुन्छ भनि विश्वास गर्ने सबैलाई मुक्ति दिनेछ। यो सुरुदेखि नै स्वर्गमा उहाँका पिताको योजना थियो।
येशूले जवाफ दिनुभयो कि मानिसको पुत्रले महिमा पाउने समय आएको छ (१२:२३)। येशूको अर्थ यो थियो कि उहाँ सबै पापीहरूको लागि मर्ने समय आएको छ। तीन दिनपछि, परमेश्वरले उहाँलाई मृत्युबाट जिवित हुनुहुनेछ र स्वर्गमा बस्नु हुने उहाँका पिताकहाँ फर्कनुहुनेछ। उहाँ यहूदी मसीह र संसारको मुक्तिदाताको रूपमा मर्न तयार हुनुहुन्थ्यो। परमेश्वरले पुरानो नियमका अगमवक्ता मार्फत यो प्रतिज्ञा गर्नु भएको थियो (यशैया ५३:१२त्र यर्मिया २३:५)।

**मानिसको पुत्र र परमेश्वरको पुत्र**

येशूको मनपर्ने उपाधि मानिसको पुत्र; थियो। (मत्ती ११:१९त्र १२:८त्र यूहन्ना १२:२३) उहाँ चाहनुहुन्थ्यो कि मानिसहरूले उहाँ एक मानव हुनुका साथै परमेश्वरको पुत्र; पनि हुनुहुन्छ भनेर जानोस्। पुरानो नियमको भविष्यवाणीमा पनि मानिसको पुत्र; प्रयोग गरिएको छ (भजनसंग्रह ८०:१७; दानियल अध्याय ७)।

येशूले आफ्नो शरीरलाई बीउको रूपमा भन्नुभयो। उहाँले भन्नुभयो कि यदि बीउ रोपिएको छैन भने, यो एउटै बीउ रहन्छ। धेरै नयाँ बीउहरूको ठूलो फसल ल्याउन बीउलाई जमिनमा गाड्नु पर्छ र मर्नुपर्छ (१२:२४)। यदि येशू क्रूसमा नमर्नुभएको भए, नयाँ विश्वासीहरूको फसल हुने थिएन। उहाँका पिता, सर्वशक्तिमान परमप्रभु परमेश्वरले योजना बनाउनुभयो कि येशूले आफ्नो जीवन गुमाउनुहुनेछ ताकि धेरै जना सधैंभरि बाँच्न सकून्।

येशूले भन्नुभयो, "जसले आफ्नो जीवनलाई प्रेम गर्छ, उसले त्यो गुमाउनेछ। तर जसले यस संसारमा आफ्नो जीवनलाई घृणा गर्छ, उसले त्यो राख्नेछ र अनन्त जीवन पाउनेछ।" (१२:२५) येशूको भन्नखोज्नु भएको अर्थ यो हो कि हामीले पश्चात्ताप गर्न र हाम्रो पुरानो जीवन त्याग्न तयार हुनुपर्छ। यदि हामीले येशूलाई पछ्याउँछौं भने, हाम्रो नयाँ जीवन आध्यात्मिक रूपमा फलदायी हुनेछ। येशूमा हाम्रो नयाँ जीवन स्वर्गमा सधैंभरि रहनेछ। हाम्रो पुरानो जीवनले अनन्त मृत्युमा पुऱ्याउँछ। येशूको प्रत्येक अनुयायीले यो छनौट गर्छ।

येशूले भन्नुभयो, "जसले मेरो सेवा गर्छ, उसले मलाई पछ्याउनुपर्छ। अनि जहाँ म छु, त्यहाँ मेरो दास पनि हुनेछ। मेरो सेवा गर्नेलाई मेरो पिताले आदर गर्नुहुनेछ।" (१२:२६)

यरूशलेममा धेरै आगन्तुकहरू येशूलाई भेट्न र पछ्याउन चाहन्थे। यसको अर्थ आफ्ना पुराना तरिकाहरू त्यागेर परमेश्वरलाई मन पर्ने नयाँ तरिका अपनाउनु हो। परमेश्वरको पुत्रलाई पछ्याउने र आदर गर्नेहरूले उहाँलाई पठाउनुहुने पितालाई पनि सम्मान गर्छन् (५:२१-२३)।

## स्वर्गबाट आएको आवाज

त्यसपछि येशूले स्वर्गमा हुनुहुने आफ्ना पितालाई प्रार्थना गर्नुभयो। "मेरो आत्मा ब्याकुल छ। (१२:२७) क्रूसमा मर्न लाग्नु भएको हुनाले येशू चिन्तित हुनुभयो। सारा संसारका पापहरूको निम्ति उहाँले यो भयानक दण्ड पाउनुहुनेछ भनेर उहाँलाई थाह थियो। येशूले पाप गर्नुभएन। "तर परमेश्वरले उहाँलाई हाम्रो निम्ति पाप बनाउनुभयो," पावलले लेखे, "ख्रीष्टले हाम्रो निम्ति गर्नुभएको कामद्वारा हामी परमेश्वरको सामु धर्मी ठहरिन सकौं।" (२ कोरिन्थी ५:२१) यो उहाँको पिताको सबै मानिसहरूको मुक्तिको योजना थियो। हाम्रो पापको लागि हामीले पाउनुपर्ने दण्ड येशूले लिनुभयो।

येशूले फेरि परमेश्वरलाई प्रार्थना गर्नुभयो, "म के भनूँ? पिता, मलाई यसबाट बचाउनुहोस्?" यस्तो प्रार्थना उहाँको पिताको इच्छा विरुद्ध हुनेछ। उहाँ मर्न संसारमा आउनुभयो। येशूले भन्नुभयो, "होइन। यही कारणले गर्दा म यस घडीमा आएको हुँ। पिता, तपाईंको नाउँको महिमा गर्नुहोस्!" (१२:२७-२८) उहाँ अन्तसम्मै आफ्नो पिताको इच्छा पूरा गर्न इच्छुक हुनुहुन्थ्यो।

यदि हामी येशूको अनुयायी हुन इच्छुक छौं भने कुनै पनि दुःखले परमेश्वरको नाउँको महिमा ल्याउँनेछ। यो हाम्रो जीवनको लक्ष्य होस्। यो तब निश्चित रूपमा हुनेछ जब हामी हाम्रो जीवन परमेश्वरको हातमा सुम्पन्छौं।

त्यसपछि स्वर्गबाट एउटा आवाज आयो। "मैले मेरो नाउँको महिमा गरेको छु। म यसलाई फेरि महिमा दिनेछु।" (१२:२८)

यसरी, पिताले आफ्नो पुत्रसँग कुरा गर्नुभयो र उहाँलाई सान्त्वना र समझ दुवै दिनुभयो। येशूको मृत्यु र पुनरुत्थानले सर्वशक्तिमान परमेश्वरमा सबैभन्दा ठूलो महिमा ल्यायो। येशू त्यो 'बीउ' हुनुहुन्थ्यो, जो मृत्युबाट बौरी उठेर ठूलो 'कटनी' ल्याउन मर्नुभयो। यो प्रतिज्ञा गरिएको पवित्र आत्माको शक्तिमा काम गर्ने विश्वासीहरु मार्फत उहाँको स्वर्गारोहण पछि भयो। तिनीहरूले उहाँको मण्डली स्थापना गरे।

त्यहाँको भीडले त्यो आवाज सुन्यो। कोही–कोहीले मेघगर्जन बताए। अरूले भने कि एक स्वर्गदूतले येशूसँग कुरा गरे। (१२:२९) येशूले आफ्ना सबै पछ्याउनेहरुलाई यसो भन्नुभयो : "यो आवाज मेरो निम्ति होइन, तर तिमीहरूको निम्ति हो… अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ। (१२:३०–३१)

शैतान यस संसारको शासक थियो र छ तर परमेश्वरको योजना शैतानको योजनाभन्दा ठूलो थियो। येशूको मृत्युबाट बौरी उठ्नाले शैतानको शक्ति र उसको अनन्त मृत्युलाई नाश गर्ने परमेश्वरको योजना थियो। येशूको मृत्यु उहाँलाई परमेश्वरको पुत्र हो भनेर विश्वास गर्नेहरूका लागि सधैंभरि विश्वासीहरूको पापको लागि दण्ड थियो। येशूको पुनरुत्थान विश्वासीहरूको लागि अनन्त मृत्युमाथि जीवनको विजय हो।

येशूले भन्नुभयो, "म पृथ्वीबाट माथि उठाइनेछु। जब म माथि उठाइनेछु, म सबै मानिसहरूलाई आफूकहाँ खिच्नेछु।" (१२:३२) येशूले अघि भन्नुभयो कि उहाँ, मानिसको पुत्र, "हुनुपर्छ … माथि उठाइयो। तब उहाँमा विश्वास गर्ने हरेक मानिस परमेश्वर सित सदासर्वदा बाँच्न सक्छ।"

(३:१४–१५) 'उहाँ कसरी मर्नुहुन्छ भनेर देखाउन उहाँले यसो भन्नुभएको हो।' (१२:३३) तिनी क्रूसमा ठूलो पीडाले मर्न लागेका थिए। उहाँको मृत्यु र पुनरुत्थानले शैतानमाथि विजय ल्यायो र येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्ने सबैलाई मुक्ति दियो।

## भीडमध्ये केहीले येशूमा विश्वास गर्दैनन्

भीडका केही मानिसहरूले येशूलाई भने, "व्यवस्थाले हामीलाई भन्छ कि ख्रीष्ट सधैंभरि रहनुहुनेछ। त्यसोभए तपाईं कसरी भन्न सक्नुहुन्छ, मानिसको पुत्रलाई माथि उठाइनुपर्छ ? यो मानिसको पुत्र को हो?" (१२:३४)

पहिले कोही–कोहीले येशूलाई ढुङ्गाले हिर्काउन खोजे तर परमेश्वरले तिनीहरूलाई रोक्नुभयो। धेरैले अझै पनि उहाँमा विश्वास गरेनन्। तिनीहरूको आत्मिक अन्धोपनले पुरानो नियममा अगमवक्ताका शब्दहरू साँचो थिए भनेर प्रमाणित गर्‍यो। "तिनीहरूले आफ्नो आँखाले देख्न सक्दैनन्। तिनीहरूले आफ्नो दिमागले बुझ्न सक्दैनन्। तिनीहरू परमप्रभुतर्फ फर्कन सक्दैनन्। यदि तिनीहरूले गर्न सक्थे भने, उहाँले तिनीहरूलाई निको पार्नुहुने थियो।" (यशैया ६:१०)

जब स्त्री–पुरुषले सत्यलाई इन्कार गर्छन्, तब तिनीहरूमाथि न्याय हुन्छ। तिनीहरूका आत्मिक आँखाहरू धमिलो हुन्छन् र तिनीहरूको हृदय कठोर हुन्छ, र परमेश्वले तिनीहरूलाई आफ्नै मार्गमा जान दिनुहुन्छ (रोमी १:२१–२८)। येशूले तिनीहरूलाई उहाँको ज्योति तिनीहरूसित छँदा सत्यमा विश्वास गर्न चेताउनी दिनुभयो। येशू तिनीहरू 'ज्योतिका सन्तान' भएको चाहनुहुन्थ्यो। (यूहन्ना १२:३५–३६) यसपछि, येशू जानुभयो र धेरैले उहाँलाई फेला पार्न सकेनन्।

येशूले यी सबै चमत्कारी चिन्हहरू तिनीहरूका सामु गर्नुभएको थियो। तर तिनीहरूले अझै पनि उहाँमा विश्वास गरेनन्। (१२:३७) यूहन्नाले भविष्यको मसीह र मुक्तिदाता येशूको बारेमा बताउने अगमवक्ता यशैयाका थप शब्दहरू उद्धरण गरे (१२:३८–४१)। परमेश्वरले उहाँलाई इन्कार गर्नेहरूको आँखा अन्धो पार्नुहुनेछ भनेर यशैयाले चेताउनी दिनुभयो। यूहन्नाले यो विश्वास गरे कि यशैयाले यसो भने किनभने उनले येशूको महिमा पहिल्यै देखे र उहाँको बारेमा कुरा गरे। (१२:४१)

तथापि, अगुवाहरू माझ पनि धेरैले विश्वास गरे तर त्यसो भन्न डराए। दुःखको कुरा, 'तिनीहरूले परमेश्वरबाट प्रशंसाभन्दा पनि मानिसहरूबाट प्रशंसा मन पराउँथे।' (१२:४३)

# छनोट भनेको येशूमा विश्वास गर्ने सबैको लागि हो

यूहन्नाले येशूका अझ प्रसिद्ध वचहहरू लेखे। "जसले मलाई विश्वास गर्छ उसले मलाई मात्र विश्वास गर्दैन। उहाँले मलाई पठाउनुहुनेमा पनि विश्वास गर्नुहुन्छ। जब उहाँले मलाई हेर्नुहुन्छ, उहाँले मलाई पठाउनु हुनेलाई देख्नुहुन्छ। म यस संसारमा ज्योति बन्न आएको हुँ। ममा विश्वास गर्ने कोही पनि अन्धकारमा रहनेछैन। (१२:४४,४६)

येशू हाम्रो न्याय गर्न यस संसारमा आउनुभएको होइन। उहाँ संसारलाई पापबाट बचाउन आउनुभएको थियो (१२:४७)। तर उहाँका वचनहरूले अन्तिम दिनमा हाम्रो न्याय गर्नेछन् (१२:४८)।

येशूका यी शब्दहरू पिताका वचनहरू हुन् जो सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ। म आफ्नै तर्फबाट बोलेको होइन। मलाई पठाउनुहुने पिताले मलाई के भन्नुपर्छ भनी आज्ञा दिनुभयो... मलाई थाह छ, उहाँको आज्ञाले अनन्त जीवनतर्फ डोऱ्याउनु हुन्छ। यसकारण म जे भन्छु, त्यो पिताले मलाई भन्नु भएको कुरा हो। (१२:४९-५०)

येशूले आफूले भन्नुभएका कुरालाई सबैका लागि व्यक्तिगत बनाउनुभयो। तपाईंले आफ्नो लागि सत्य विश्वास गर्न छनौट गर्नुपर्छ। ख्रीष्टियनहरूले आफ्ना आमाबाबु ख्रीष्टियन भएकाले आफू ख्रीष्टियन हुँ भन्न सक्दैनन्। परमेश्वरले तपाईंलाई व्यक्तिगत रूपमा बचाउन सबै कुरा गर्नुभएको छ र उहाँले तपाईंलाई मृत्युपछिको जीवनको प्रतिज्ञा गर्नुहुन्छ। यो प्रतिज्ञा ती सबै मानिसहरूका लागि हो जसले आफ्ना लागि येशू र उहाँका शिक्षाहरू अनुसरण गर्न छनौट गर्छन्। यस प्रतिज्ञामा विश्वास गर्नुहोस् र पाप नगरि रहनुहोस्।

**यस विषयमा कुरा गर्नुहोस्:**

१. येशूको मित्र मरियमले येशूप्रतिको आफ्नो विश्वास, प्रेम र समर्थन कसरी देखाइन् (१२:३)?

२. मरियमले येशूको पाउमा अभिषेक गर्दा यहूदाले के सोच्यो (१२:५-६)? किन?

३. भीडले किन येशूलाई पछ्यायो (१२:९)? धेरै मानिसहरूले के गर्न रोजे (१२:११)?

४. येशूबारे धर्मगुरुहरूले के सोचे (१२:१०-११)? किन?

५. भीडले येशूलाई किन आफ्नो राजा भने (१२:१२-१३)? उहाँ किन गधामा चढेर यरूशलेम जानुभयो (१२:१४-१५)?

६. "हामी येशूलाई भेट्न चाहन्छौं" भन्नेहरूलाई येशूले के भन्नुभयो (१२:२०-२६)? किन?

७. दुःखमा पर्दा स्वर्गमा बस्नुहुने आफ्ना स्वर्गीय पिताबाट तपाईंले कसरी सान्त्वना र समझ पाउन सक्नुहुन्छ? (१२:२७-२८)?

८ मानिसहरूले सोधे, "यो मानिसको पुत्र को हो?" येशूले कसरी जवाफ दिनुभयो (१२:३४-३५)?

९. कुन कुराले विश्वासीहरूलाई आफ्नो विश्वासको बारेमा बोल्नबाट रोक्छ (१२:४२)?

१०. यूहन्नाले येशूको बारेमा लेख्नुभएका शब्दहरू किन यति महत्त्वपूर्ण छन् (१२:४४-५०)?

**यस विषयमा विचार गर्नुहोस्:** तपाईं येशूप्रतिको आफ्नो प्रेम र समर्थन कसरी देखाउनुहुन्छ? येशूमा तपाईंको विश्वास बारे मानिसहरू के सोच्छन्? येशूलाई खोज्न र भेट्टाउन तपाईं कसरी मानिसहरूलाई प्रोत्साहन दिनुहुन्छ (१२:२०-२२)?

# बाइबल पढाइः यूहन्ना अध्याय १३
# येशूले हामी सबैका लागि एउटा उदाहरण बसाल्नुहुन्छ

यो समय निस्तार–चाडअघि अन्तिम भोज खाने समय थियो । यहूदीहरू अझै पनि मिश्रबाट भागेको सम्झनामा हरेक वर्ष यो चाड मनाउँछन् (प्रस्थान १२) । मिश्रमा तिनीहरूको घरको ढोकामा निर्दोष थुमाको रगत रङ्गिएको समयलाई यसले सम्झाउँछ । यसले परमेश्वरको मृत्युको स्वर्गदूतलाई तिनिहरूलाई हानि नगरी पार गर्न चेतावनी दियो । किनभने उनीहरू परमेश्वरको विशेष मानिसहरू थिए । त्यसपछि उहाँले तिनीहरूलाई दासत्वबाट मुक्त गराउनुभयो र प्रतिज्ञा गरिएको कनान देशमा फर्काउनुभयो, जसलाई अहिले इस्राएल भनिन्छ।

येशूलाई थाहा थियो कि उहाँले यो संसार छोड्ने समय आएको छ। यो उहाँ पिताकहाँ जाने समय थियो। (१३:१) येशू र उहाँका चेलाहरूका लागि साँझको भोजन तयार थियो (१३:२)। निस्तार चाड आफ्ना जनहरूलाई बचाउन परमेश्वरप्रतिको प्रेमको लागि उहाँलाई धन्यवाद दिने समय थियो। येशूले तिनीहरूलाई आफ्नो व्यक्तिगत बलिदानद्वारा संसारलाई बचाउन परमेश्वर पूर्ण प्रेमको बारेमा बताउन चाहनुहुन्थ्यो। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्ने सबै मानिसहरूको लागि मृत्युमाथि विजय प्राप्त गर्न उहाँ परमेश्वरको निर्दोष थुमा हुनुभयो।
येशूले तिनीहरूलाई सबै मानिसहरूलाई परमेश्वरको प्रेम कसरी बाँड्ने भनेर पनि देखाउन चाहनुहुन्थयो। येशूले चेलाहरूलाई रोटी र दाखमद्य सँगै बाँड्दा उहाँको बलिदानमा परमेश्वरको दयालाई सम्झन भन्नुभयो (लूका २२:१९–२०)।

शैतानले यहूदा इस्करियोतीलाई येशूलाई विश्वासघात गर्न प्रलोभनमा पारेको समय पनि यही थियो (मर्कूस १४:१०–११)। तैपनि येशूलाई थाहा थियो कि परमेश्वरले सबै कुरा आफ्नो नियन्त्रण र सामर्थ्यमा राख्नुभएको छ (यूहन्ना १३:३)। उहाँ परमेश्वका पुत्र हुनुहुन्थ्यो र उहाँसँग अधिकार थियो। तिनलाई थाहा थियो कि उहाँ परमेश्वरबाट आउनु भएको हो र उहाँ परमेश्वरकहाँ फर्कन लाग्नु भएको छ। तिनी आफ्ना पिता परमेश्वरको योजनाअनुसार काम गर्न तयार थिए।

यी सबै कुरा थाहा पाएपछि, येशूले तिनीहरूलाई उदाहरणद्वारा सिकाउनुभयो । उहाँले नोकरको स्थान लिनुभयो (१३:४) । उहाँ खानाबाट उठ्नुभयो र आफ्नो कम्मरमा तौलिया बेर्नुभयो। उहाँले एउटा कचौरामा पानी खन्याउनुभयो र आफ्ना चेलाहरूको खुट्टा धुन थाल्नुभयो (१३:५)।



**येशूले आफ्ना चेलाहरूको खुट्टा धुनुहुन्छ।**

अरूको सेवा कसरी गर्ने भनेर देखाउन येशूले यसो गर्नुभयो (फिलिप्पी २:५–११)। पत्रुसले आफ्नो खुट्टा ताने। “हे परमप्रभु, के तपाईं मेरो खुट्टा धुने?” (१३:६) येशूले भन्नुभयो, “पछि तिमीहरूले बुझ्नेछौ”, तर पत्रुसले भने ,“होइन !” (१३:७–८)

येशूले यसो भन्नुभयो: “मैले धोइनँ भनेता मसित तिम्रो केहि हिस्सा हुनेछैन।”

पत्रुसले जवाफ दिए, “प्रभु, मेरो खुट्टा मात्र होइन। मेरो हात र शिर पनि धोइदिनुहोस” (१३:९)

येशूले भन्नुभयो, “नुहाइसकेको मानिसलाई गोडाबाहेक अरु धुनुपर्दैन। उनको शरीरको बाँकी भाग सफा छ। तिमी सफा छौ। तर सबै त होइनौ (१३:१०)। त्यो अशुद्ध व्यक्ति यहूदा इस्करियोत थियो। येशूलाई थाहा थियो र चाँडै नै उहाँलाई उहाँका शत्रुहरूको हातमा सुम्पिनेछ (१३:११)। येशू आफ्नो ठाउँमा फर्कनुभयो। “यदि तिमीहरूका प्रभु र गुरु, भइकन मैले तिमीहरूका खुट्टा धोएको छु भने त्यसैले तिमीहरूले पनि एकअर्काको खुट्टा धुनुपर्छ। मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु (अनुसरण गर्ने)। त्यसैले तिमीहरूले पनि एकअर्काको खुट्टा धुनुपर्छ... नोकर आफ्नो मालिकभन्दा बढी महत्त्वपूर्ण हुँदैन। खबर लाने पठाउनेभन्दा बढी ठूलो हुँदैन।” (१३:१५-१६)

त्यसको केही समयपछि चेलाहरू येशूका सन्देशवाहक र सेवकहरूको रूपमा संसारमा गए। सेवकाईमा तिनीहरूले एकअर्काको सेवा गर्न र प्रेम गर्न सिके। त्यसपछि तिनीहरूले परमेश्वरबाटको आशीर्वाद पाए।

येशूले भन्नुभयो, “अब तिमीहरूले यी कुराहरू जान्दछौ। यसकारण यदि तिमीहरूले यी कुराहरू गर्यौ भने तिमीहरू धन्य हुनेछौ।” (१३:१७)

## यहूदाले येशूलाई विश्वासघात गर्नेछ

येशूले आफ्ना सबै चेलाहरूलाई यी कुराहरू भन्नुभयो। तैपनि उहाँले तिनीहरूलाई चेतावनी दिनुभयो, “म तिमीहरू सबैको विषयमा कुरा गरिरहेको छैन” (१३:१८)। यसबाट उहाँले भन्नुभएको थियो कि चेलाहरूमध्ये एक जनाले उहाँलाई धोका दिनेछ।

येशूले चेला हुन यहूदा इस्करियोतीलाई किन रोज्नु भयो ? उहाँले हाम्रो लागि यो प्रश्नको जवाफ दिनुभयो। “मैले रोजेकाहरूलाई म जान्दछु। तर धर्मशास्त्र पूरा होस् भनेर यस्तो हुनेछ।” (१३:१८; भजन संग्रह ४१:९)

येशूले भन्नुभयो , “म तिमीहरूलाई यो घटना घट्नुभन्दा अघि नै भनिरहेको छु। (१३:१९) उहाँले तिनीहरूलाई यसो भन्नुभयो ताकि तिनीहरूले उहाँ नै परमेश्वरबाट आउनुभएको हो भनी विश्वास गर्न सकून्। येशूले परमेश्वरको योजनाबारे तिनीहरूले थाह पाऊन् भन्ने चाहनुहुन्थ्यो। उहाँले तिनीहरूलाई फेरि यसो भनेर प्रोत्साहन दिनुभयो, “जसले मलाई ग्रहण गर्छ, उसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ।” (१३:२०; १२:४४)

येशू चिन्तित र दुःखी हुनुभयो। येशूले तिनीहरूलाई स्पष्टसित भन्नुभयो, “तिमीहरूमध्ये एकजनाले मलाई मेरा शत्रुहरूलाई सुम्पिदिनेछौ।” (१३:२१) उहाँको गिरफ्तारी र क्रूसमा टाँगिनु चाँडै हुने थियो।

चेलाहरू छक्क परे। पत्रुसले यूहन्नालाई भने, “येशूलाई सोध्नुहोस् उहाँले कुन शब्दको अर्थ बताउनुभएको हो।” (१३:२४) यूहन्नाले येशूलाई सोधे, “प्रभु, त्यो को हो ?” (१३:२५)

येशूले यहूदाको नाउँ भन्नु भएन। बरु, उहाँले यूहन्नालाई यसो भन्नुभयो, “ जसलाई म रोटीको टुक्रा डुबाएर दिन्छु त्यो त्यही हो।” (१३:२६) त्यसपछि उहाँले त्यो रोटी डुबाएर यहूदा इस्करियोतीलाई दिनुभयो। यसले भजन ४१:९ पूरा गर्‍यो। रोटीको टुक्रा लिएपछि शैतान त्यसभित्र पस्यो।? (१३:२७) येशूका पाइलाहरू येशूको पछि लागे तर तिनको हृदयले शैतानलाई पछ्यायो। ऊ पूर्ण रूपमा नयाँ गरी जन्मेको थिएन।

येशूले तिनलाई यसो भन्नुभयो: “तिमीले जे गर्न लागिरहेका छौ, त्यो चाँडै गर। येशूले के भन्न चाहनुभएको हो, कसैलाई थाहा थिएन। यहूदा बाहिर निस्किए। चेलाहरूले सोचे कि सायद उनी थप खाना किन्न बाहिर गएको होला। त्यस बेला रात परेको थियो (१३:२७-३०)।

# एकले अर्कालाई प्रेम गर

येशूले एघार जना चेलाहरूलाई आफ्नो आउँदै गरेको महिमाको बारेमा बताउनुभयो। उहाँको मृत्यु र पुनरुत्थान उहाँको महिमा हुनेछ भनेर उहाँले भन्नुभयो। उहाँले परमेश्वरको महिमा गर्नुहुनेछ। अनि उहाँका पिताले आफ्नो पुत्रलाई महिमा दिनुहुनेछ (१३:३१–३२)।

येशू परमेश्वरको आज्ञा पालन गर्न तयार हुनुहुन्थ्यो, यद्यपि यसले उहाँको मृत्यु निम्त्यायो। पिताले पुत्रलाई मृत्युबाट ब्यूँताएर उहाँको महिमा गर्नुहुनेछ भनेर चेलाहरूलाई थाहा थिएन। येशूले तिनीहरूलाई चेताउनी दिनुभयो, "मेरा छोरा–छोरीहरू हो, म तिमीहरूसित केही समय मात्र रहनेछु... मैले यहूदी अगुवाहरूलाई भनें, यसैले म अहिले तिमीहरूलाई भनिरहेको छु। म जहाँ जाँदैछु, त्यहाँ तिमीहरु आउन सक्दैनौ। (यूहन्ना १३:३३)

त्यसपछि येशूले आफ्ना चेलाहरूलाई एउटा महत्त्वपूर्ण शिक्षा दिनुभयो। म तिमीहरुलाई एउटा नयाँ आज्ञा दिन्छु। एकले अर्कालाई प्रेम गर। मैले तिमीहरूलाई प्रेम गरेझैं तिमीहरूले पनि एक–अर्कालाई प्रेम गर्नुपर्छ। यदि तिमीहरू एकअर्कालाई प्रेम गर्छौ भने सबैले थाहा पाउनेछन् कि तिमीहरू मेरा चेलाहरू हौ।" (१३:३४–३५) यसलाई अक्सर येशूको तेस्रो महान् आज्ञा भनिन्छ।

## येशूका तीन महान् आज्ञाहरू

**आज्ञा १. परमेश्वरलाई प्रेम गर।** "परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदय र सारा प्राणले प्रेम गर। उहाँलाई आफ्नो सारा समझले प्रेम गर।" (मत्ती २२:३७; व्यवस्था ६:५)

**आज्ञा २. छिमेकीहरूलाई प्रेम गर।** "आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर।" (मत्ती २२:३९; लेवी १९:१८) यसमा परिवार, साथीभाइ, काममा र सडकमा भेट्ने मानिसहरू, अपरिचित र विदेशीहरू सहित सबैलाई दया देखाउनु पर्छ।

**आज्ञा ३. अन्य विश्वासीहरूलाई प्रेम गर।** तिनीहरू ख्रीष्टमा भाइबहिनीहरू हुन्। तिनीहरूलाई न्याय नगरी तिनीहरूको हेरचाह गर। "मैले तिमीहरूलाई प्रेम गरेझैं प्रेम गर।" (यूहन्ना १३:३४)

यो सत्य भनाइ हो कि परमेश्वरले हामी मार्फत अरूलाई आफ्नो प्रेम देखाउनुहुन्छ। यसरी, हामी अरूलाई कसरी प्रेम गर्ने भनेर सिक्छौं। येशूले भन्नुभयो, "यदि तिमीहरूले एकअर्कालाई प्रेम गर्यौ भने, सबैले थाहा पाउनेछन् कि तिमीहरू मेरा चेलाहरू हौ।" (यूहन्ना १३:३५) परमेश्वरले हामीलाई उहाँको पवित्र आत्मा मार्फत यो गर्न मद्दत गर्नुहुन्छ (रोमी ५:५)।

# पत्रुसले येशूलाई इन्कार गर्नेछन्

त्यसपछि के हुन्छ भनेर पत्रुस चिन्तित थिए। उसले एकअर्कालाई प्रेम गर्ने महत्त्वपूर्ण आज्ञालाई बेवास्ता गर्यो र यसको सट्टा सोध्यो, "प्रभु, तपाई कहाँ जाँदै हुनुहुन्छ?"

येशूले यसो भन्नुभयो, "म जहाँ जाँदैछु, त्यहाँ तिमी आउन सक्दैनौ। उहाँले थप्नुभयो, "अब तिमीले मलाई पछ्याउन सक्तैनौ। पछि तिमीले मलाई पछ्याउनेछौ।" (१३:३६)

पत्रुसले सोधे, “हे प्रभु, म अहिले किन तपाईंलाई पछ्याउन सक्दिन ? म तपाईंको निम्ति मेरो जीवन समर्पण गर्नेछु” (यूहन्ना १३:३७)। पत्रुसले आफ्नो कमजोरी थाह पाएनन्।

येशूले जवाफ दिनुभयो, “भाले बास्न भन्दा पहिले तिमीले तीन चोटि भन्नेछौ कि तिमीले मलाई चिनेका छैनौ।” (१३:३८) पत्रुसको विश्वासको परीक्षा अबको केही घण्टामा हुनेछ र उनले आफ्ना प्रभुलाई तीन चोटि इन्कार गर्नेछ भनेर येशूलाई थाह थियो।

पत्रुस र अरू चेलाहरू दुःखी भए। तिनीहरू चिन्तित थिए किनभने तिनीहरूमध्ये एकले आफ्नो मालिकलाई धोका दिनेछ (१३:२१)। तिनीहरू अब चिन्तित थिए किनभने येशूले भन्नुभयो कि उहाँले तिनीहरूलाई छोड्नुहुनेछ (१३:३३)। पत्रुस पनि चिन्तित थिए किनभने येशूले भन्नुभएको थियो, की उनले आफ्ना प्रभुलाई इन्कार गर्नेछ (१३:३८)। सबै चेलाहरू डराए। चाँडै नै तिनीहरूको विश्वासको परीक्षा हुनेछ।

**यस बारेमा कुरा गर्नुहोस् :**

१. येशू र चेलाहरूका लागि अन्तिम भोज किन यति महत्त्वपूर्ण थियो (प्रस्थान १२)? आज यसलाई किन सम्झना गरिन्छ (लूका २२:१९-२०)?

२. येशूले आफ्ना चेलाहरूलाई कसरी प्रेम देखाउनुभयो (१३:१,५)?

३. पत्रुस र चेलाहरूले येशूको प्रेमबारे के सिके (१३:१४-१७)?

४. सबै जना शुद्ध हुँदैनन् भनेर येशूले किन भन्नुभयो (१३:११)? चेलाहरूले यहूदाबारे के बुझे (१३:२८-२९)?

५. येशूले आफ्ना अनुयायीहरूलाई भविष्यमा आइपर्ने विपत्तिहरूमा वफादार रहन कसरी तयार पार्नुभयो (१३:१,१४,१९,३४-३५,३८)?

**यस विषयमा विचार गर्नुहोस** : येशूका अन्य अनुयायीहरूलाई प्रेम गर्ने नयाँ आज्ञाबारे पत्रुसले सुरुमा के भने (१३:३४-३६)? उहाँले पछि के भन्नुभयो (१ पत्रुस २:१७)? यस आज्ञाबारे तपाईं के भन्नुहुन्छ? उहाँको प्रेमले हामी मार्फत अरूलाई काम गर्न कुन कुराले रोक्छ? हामी कसरी अरू विश्वासीहरूलाई परमेश्वरको प्रेम देखाउन सक्छौं? क्रूसमा येशूको बलिदानमा यो प्रेम कसरी प्रदर्शित भयो भनेर बुझ्नको लागि प्रार्थना गर्नुहोस्।

## बाइबल पढाइः यूहन्ना अध्याय १४
## स्वर्गको प्रतिज्ञाद्वारा येशूले आफ्ना चेलाहरूलाई सान्त्वना दिनुहुन्छ

येशूलाई थाहा थियो कि उहाँका चेलाहरू अलमलमा परेका छन्। येशूले भन्नुभयो, “तिमीहरूको हृदयलाई विचलित हुन नदेऊ। तिमी परमेश्वरमा विश्वास गर्छौ। ममाथि पनि विश्वास (भरोसा) गर। (१४:१) तिनीहरूको यहूदी विश्वासले तिनीहरूलाई परमेश्वरमा भरोसा गर्न मदत गर्‍यो तर तिनीहरूले परमेश्वर मसीहमा पनि भरोसा गर्नुपर्छ। संसारलाई पापबाट बचाउन तिनीहरूले उहाँको पुत्रको बलिदानमा भरोसा गर्नुपर्थ्यो। येशूका यी वचनहरू आजको अन्त्येष्टि सेवामा विश्वासीहरूलाई सान्त्वना दिन अक्सर ठूलो स्वरमा पढिन्छन्। येशू परमेश्वरका पुत्र हुनुहुन्छ र तिनीहरूका मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्ने सबैले उहाँसँगै स्वर्गमा अनन्त जीवन पाउनेछन् (३:१६)।

परमेश्वरले आफ्ना विश्वासीहरूका परिवारका लागि स्वर्गमा धेरै ठाउँहरू प्रदान गर्नुहुन्छ। कोठाको कुनै कमी छैन। येशूले भन्नुभयो, “मेरा पिताको घरमा धेरै कोठाहरू छन्। यदि यो सत्य नभएको भए, मैले तपाईंलाई भन्ने थिएँ। म तिमीहरूका निम्ति ठाउँ तयार पार्न त्यहाँ जाँदैछु। यदि म गएर त्यसो गरें भने, म फर्कनेछु। अनि म तिमीहरूलाई मसित बस्न लैजानेछु। म जहाँ छु तब तिमीहरू पनि त्यहीं हुनेछौ।” (१४:२-३)

येशूलाई थाह थियो कि उहाँ मर्नुहुनेछ र फेरि जिवित हुनुहुनेछ र स्वर्ग जानुहुनेछ। ख्रीष्टमा भएका आफ्ना सबै भाइबहिनीहरूलाई आफूसित राख्न उहाँ चाँडै फेरि आउनुहुनेछ।

## येशू नै बाटो, सत्य र जीवन हुनुहुन्छ

येशूले तिनीहरूलाई भन्नुभयो, "म जाने ठाउँको बाटो तिमीहरू जान्दछौ।" (१४:४) चेलाहरू अझै अलमलमा थिए। थोमाले भने, "हे प्रभु, तपाईं कहाँ जाँदै हुनुहुन्छ जान्दैनौ। तब हामीले बाटो कसरी चिन्ने ?" (१४:५)

येशूले ती वचनहरू प्रयोग गरेर जवाफ दिनुभयो जुन अहिले ख्रीष्टियन मण्डलीको आधारभूत शिक्षा हो। "बाटो, सत्य र जीवन **म नै हुँ**।" (१४:६)

- येशूले हामीलाई परमेश्वरको राज्यको बाटो देखाउनुहुन्छ, उहाँ नै बाटो हुनुहुन्छ।
- येशूले हामीलाई परमेश्वरद्वारा सत्य सिकाउनुहुन्छ, उहाँ सत्य हुनुहुन्छ।
- येशूले हामीलाई परमेश्वरमा नयाँ र शक्तिशाली जीवन दिनुहुन्छ, उहाँ नै जीवन हुनुहुन्छ।

येशूले अघि भन्नुभयो, "परमेश्वरको राज्यको रहस्य तिमीहरूलाई दिइएको छ।" (मर्कूस ४:११) येशू नयाँ धर्म सुरु गर्न आउनुभएको थिएन, तर हामीलाई अहिले र भविष्यमा पिता र उहाँको सत्यतासम्म पुग्ने बाटो देखाउन आउनुभएको थियो।

यो येशूको सात "**म हुँ**" मध्ये एक हो जसले उहाँ परमेश्वर हुनुहुन्छ भनेर पुष्टि गर्दछ। यस पुस्तकको अन्तमा सारांश हेर्नुहोस्।

## येशू सर्वशक्तिमान परमेश्वरको मार्ग हुनुहुन्छ

येशूले भन्नुभयो, "मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन।" (१४:६) स्वर्गको राज्य र अनन्त जीवनमा प्रवेश गर्ने उहाँ एक मात्र बाटो हुनुहुन्छ। उहाँ मुक्तिको बाटो हुनुहुन्छ। उहाँ परमेश्वरबाट सत्य जान्न पाउने बाटो हुनुहुन्छ। स्वर्ग, मुक्ति र अनन्त जीवन येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्नेहरूका लागि हो। उहाँ मात्र आफ्नो पिता, सर्वशक्तिमान परमेश्वरको मार्ग हुनुहुन्छ। यसद्वारा, येशूले यो पनि भन्न खोज्नुभएको थियो कि इस्राएलका परमेश्वरबाटको सत्य यहूदीहरूलाई मात्र नभई सबैलाई प्रकट भएको थियो।

त्यसपछि येशूले यी वचनहरू थप्नुभयो। "यदि तिमीहरूले मलाई साँच्चै चिनेका थियौ भने, तिमीहरूले मेरा पितालाई पनि चिन्नेछौ। त्यसपछि येशूले एघार जना चेलाहरूलाई एउटा प्रतिज्ञा गर्नुभयो। "अबदेखि तिमीहरूले उहाँलाई चिन्नेछौ। अनि तिमीहरूले उहाँलाई देखेका छौ। (१४:७)

फिलिपले भने, "हे परमप्रभु, हामीलाई पिता देखाउनुहोस्। त्यो हाम्रो लागि पर्याप्त हुनेछ। (१४:८)

येशूले जवाफ दिनुभयो, "जसले मलाई देखेको छ, उसले पितालाई देखेको छ।" (१४:९) "के तिमीहरू म पितामा छु भनेर विश्वास गर्दैनौ ? के तिमीहरू विश्वास गर्दैनौ कि पिता ममा हुनुहुन्छ ? मैले तिमीहरूलाई भनेका वचनहरू मेरा आफ्नै मात्र होइनन्। पिता ममा बस्नुहुन्छ र उहाँ नै हुनुहुन्छ जसले आफ्नो काम गरिरहनु भएको छ। जब म भन्छु कि म पितामा छु तब मलाई विश्वास गर। साथै विश्वास गर कि पिता ममा हुनुहुन्छ। अथवा आश्चर्यकामले मेरो बारेमा के देखाउँछन्, कमसेकम विश्वास गर।" (१४:१०–११)

## येशू सबै सत्यको बाटो हुनुहुन्छ

त्यसपछि येशूले भन्नुभयो, "म तिमीहरूलाई जे भन्छु त्यो साँचो हो।" (१४:१२) उहाँले मत्ती, मर्कूस, लूका र यूहन्नाको सुसमाचारका पुस्तकहरूमा ६८ पटक "म तिमीहरूलाई साँचो भन्दछु" भन्नुभयो।

येशूले भन्नुभएको परमेश्वरका यी तीन महत्त्वपूर्ण सत्यहरू यूहन्नाले पद १२ देखि १४ मा लेखेः

१. "ममाथि विश्वास गर्ने जो कोहीले पनि मैले गर्दै आएको काम गर्नेछ।"

२. "उहाँले अझ महान काम गर्नुहुनेछ।"

३. "मेरो नाममा तपाईंले मागेको सबै कुरा म गर्नेछु।"

यहाँ हाम्रो विश्वास, हाम्रो प्रतिज्ञा र हाम्रो आशा सबै एकसाथ राखिएको छ।

- येशूमा र उहाँले हामीलाई गर्न बोलाउनुभएको सेवकाईमा हाम्रो विश्वास।
- विश्वासमा काम गर्दा ठूला आश्चर्यकामहरू हुने आशा गर्ने हाम्रो प्रतिज्ञा।
- येशूको नाउँमा विश्वाससाथ प्रार्थना गर्दा हाम्रो प्रार्थनाको जवाफ पाउने आशा छ।

यो येशू ख्रीष्ट जन्मनुभन्दा ६०० वर्षअघि परमेश्वरले आफ्ना अगमवक्ता यर्मियालाई गर्नुभएको प्रतिज्ञाको पूर्णता हो। "मलाई पुकार। म तिमीलाई जवाफ दिनेछु। तिमीहरूले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु" (यर्मिया ३३:३)।

येशूका चेलाहरूले पनि येशूले गर्नुभएको देखेका आश्चर्यकामहरू नै गरे ! तिनीहरूले विश्वासका अझ ठूला कामहरू गरे। प्रेरितको पुस्तकले हामीलाई यी ठूला कामहरूको सुरुवात बताउँछ। यदि हामी येशूलाई पछ्याउने व्यक्ति हौं भने, आज यो विश्वास गर्न हामीलाई पनि विश्वास चाहिन्छ। येशूले प्रतिज्ञा गर्नुभयो कि "उहाँको नाममा हामीले मागेको जे पनि उहाँले गर्नुहुनेछ।" (यूहन्ना १४:१४)

## येशूले पवित्र आत्माको शक्ति सहितको नयाँ जीवनको प्रतिज्ञा गर्नुहुन्छ

त्यसपछि येशूले भन्नुभयो, "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ।" (१४:१५) यसो भन्दै येशूले प्रेमलाई विश्वास र आज्ञाकारिता सित जोड्नुभयो। आज्ञाकारिता बिनाको विश्वास साँचो विश्वास होइन। प्रेम बिनाको आज्ञाकारिता साँचो विश्वास होइन। येशूका वचनहरूलाई प्रेम र आज्ञापालन गरेनन् भने कसैले पनि "ममा विश्वास छ" भन्न सक्दैन।

येशूले आफ्ना चेलाहरूलाई सान्त्वना दिइरहनुभयो। उहाँले तिनीहरूलाई प्रतिज्ञा गर्नुभयो, "म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, ...म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ। म तिमीहरूकहाँ आउनेछु। (१४:१६–१८)

यो येशूको प्रतिज्ञा हो कि उहाँले पवित्र आत्मालाई आफ्ना छोराछोरीहरूसँग सँधै रहन पठाउनुहुनेछ। यो नयाँ र शक्तिशाली जीवन पेन्तिकोसमा येशू आफ्ना पिताकहाँ फर्किनुभएपछि भयो (प्रेरित २)।

जब पवित्र आत्माले विश्वासीहरूमा र उनीहरूमार्फत काम गर्नुहुन्छ, तब मानिसहरूले ख्रीष्ट हामीमा वास गर्नुहुन्छ भनेर थाहा पाउनेछन्। उहाँ नै हाम्रो आशा र महिमा हुनुहुन्छ (कलस्सी १:२७)। यसले पिताको महिमा पनि गर्नेछ। यस अध्यायका बाँकी पदहरूमा येशूले उहाँप्रति हाम्रो प्रेमको महत्त्वलाई छ पटक उल्लेख गर्नुभएको छ।

## सेवाकाईको तैयारी

येशूले आफ्ना चेलाहरूलाई पछि के हुनेछ भनेर सिकाउन जारी राख्नुभयो। तिनीहरू केही समयको लागि आफ्ना शिक्षक र मुक्तिदाताबिना एक्लो हुनेछन्।

"अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौ। म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ। (यूहन्ना १४:१९)। येशू मृत्युबाट बौरी उठ्नुभयो र स्वर्ग फर्कनु अघि पृथ्वीमा आफ्ना चेलाहरूलाई भेट्नुभयो। तिनीहरूले पनि परमेश्वरसँगै अनन्त जीवन पाए। उहाँले हरेक विश्वासीहरूलाई अनन्त जीवन दिनुहुन्छ (१०:२८)।

"त्यस दिन तिमीहरूले जान्नेछौ, कि म मेरा पितामा छु, र तिमीहरू ममा, र म तिमीहरूमा छु।" (१४:२०)
"मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु।" (१४:२१) यसको अर्थ येशूलाई मुक्तिदाताको रूपमा विश्वास गर्ने सबैमा परमेश्वर पिता, पुत्र र पवित्र आत्माको प्रेम काम गरिरहेको हुन्छ।
तब यहूदा थदियसले (यहूदा इस्करियोती होइन) उहाँलाई भने, "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?" (१४:२२)
येशूले यस प्रश्नको सीधा जवाफ दिनुभएन। उहाँले यसो भन्नुभयो: "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। (१४:२३) त्यसकारण, येशूलाई प्रेम गर्ने र उहाँका आज्ञाहरू पालन गर्ने सबैले पिताको प्रेमलाई चिन्नेछन् र पवित्र आत्माको शक्ति प्राप्त गर्नेछन् (१ कोरिन्थी २:१४)। अनि मात्र येशू संसारमा प्रकट हुनुहुनेछ। आज सफल मण्डली सेवकाईको लागि यही बाटो हो। येशूले भन्नुभयो, "जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।" (यूहन्ना १४:२४)

## परमेश्वरको आत्मा र परमेश्वरको शान्ति

"यी कुरा तिमीहरूसँग रहँदै मैले तिमीहरूलाई भनेको हुँ।" (१४:२५) "तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।" (१४:२६)
येशूले आफ्ना अनुयायीहरूलाई अर्को प्रतिज्ञा थप्नुभयो। "शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु। संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ। तिमीहरूको ह्दय व्याकुल नहोस् र भयभीत नहोस्।" (१४:२७) भयको सट्टामा दिइएको परमेश्वरको शान्ति एउटा अदभूत प्रतिज्ञा हो।
चेलाहरूलाई आगामी दिन र वर्षहरूमा आफ्नो जीवनमा परमेश्वरको शान्तिको साथसाथै पवित्र आत्माको शक्तिको आवश्यकता पर्नेछ।

## प्रेम, आज्ञाकारिता, सतावट र विजय

"मैले तिमीहरूलाई म गइरहेछु, र तिमीहरूकहाँ आउँछु" भनेको तिमीहरूले सुन्यौ। तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ। अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक।" (१४:२८-२९)
त्यसपछि येशूले चेतावनी दिनुभयो, "यस संसारको शासक आइरहेछ। त्यसको ममाथि केही शक्ति छैन। तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्दछु भनी संसारले जानोस्। उठ, हामी यहाँबाट जाऔं।" (१४:३०-३१)

- तिनीहरूले परमेश्वर प्रति उहाँको प्रेम देखून् भनेर उहाँ चाहनुहुन्थ्यो।
- परमेश्वरको आज्ञा पालन गर्न र मर्न समेत उहाँ कसरी इच्छुक हुनुहुन्छ भनी तिनीहरूले देखून् भन्ने उहाँ चाहनुहुन्थ्यो।
- शैतानको आक्रमणबारे उहाँ तिनीहरूलाई चेताउनी दिन चाहनुहुन्थ्यो।
- क्रूसमा परमेश्वरको विजयबारे तिनीहरूले थाहा पाऊन् भन्ने उहाँ चाहनुहुन्थ्यो।
- उहाँ चाहनुहुन्थ्यो कि संसारले आफ्ना पिता परमेश्वर प्रति उहाँको प्रेम र आज्ञाकारिता बारे थाहा पाओस्।

येशू र चेलाहरू माथिको कोठाबाट निस्कने लगभग समय भइसकेको थियो।

### यस बारेमा कुरा गर्नुहोस्ः

१. चेलाहरूलाई सान्त्वना दिन येशूले के भन्नुभयो (१४:२-३)? यसले हाम्रो विश्वास र आशालाई कसरी बलियो बनाउँछ?
२. येशूले थोमा र फिलिपलाई के कुरा बुझाउन खोज्नुभएको थियो (१४:५,८)? जवाफमा येशूले के भन्नुभयो (१४:६,९)?
३. येशूले आफ्नो बारेमा भन्नुभएको तीनवटा कुराको अर्थ के थियो (१४:६)?
४. येशू आफ्ना पिताकहाँ फर्कनुहुँदा तिनीहरूकहाँ आउने सहयोगी को हुनुहुन्थ्यो (१४:१६,२६)? यी सहयोगीले येशूका चेलाहरूका लागि के गर्न लागेका थिए?
५. येशूले यहूदा थेदियसलाई कसरी जवाफ दिनुभयो (१४:२२-२३)? यसले हामीलाई आजको लागि मण्डलीको उद्देश्यबारे के बताउँछ?
६. परमेश्वरको शान्ति र परमेश्वरको आज्ञापालनबारे येशूले के भन्नुभयो (१४:२७,३१)? यो आफ्नै लागि थियो कि हाम्रो लागि?

### यस विषयमा विचार गर्नुहोस्ः

के हामी पनि येशूले जस्तै हाम्रा पिता परमेश्वरलाई प्रेम र आज्ञापालन गर्छौं (१४:३१)? येशूले हामीलाई बचाउन र हामीलाई मद्दत गर्न के गर्नुभयो? येशूलाई कसरी धेरै भन्दा धेरै प्रेम गर्ने र उहाँको सुसमाचार अरूलाई कसरी बाँड्ने भनेर देखाउन के हामी परमेश्वरलाई बिन्ती गर्छौं? आज तपाईँको जीवन र मण्डलीको संगतिमा पिता, पुत्र र पवित्र आत्माको प्रेमले कसरी काम गरिरहेको छ, वर्णन गर्नुहोस्। तपाईंको सेवकाई तपाईंको मुक्तिदाताको प्रेममा स्थापित होस् भनेर प्रार्थना गर्नुहोस्।

## बाइबल पठनः यूहन्ना अध्याय १५
## साँचो दाखको बोट र यसका हाँगाहरू

माथिल्लो कोठाबाट निस्कनुअघि येशूले आफूलाई साँचो दाखको बोट भन्नुभयो र उहाँले आफ्ना अनुयायीहरूलाई हाँगाहरू भन्नुभयो। हाँगाहरु सबै कडा परिश्रम गर्छन्। तिनीहरूले पातहरू र फूलहरू उब्जाउँदछन् र भारी फलहरू फलाउँछन्। तथापि, तिनीहरूको बल र भोजन माटोमा जरा गाडेको केन्द्रीय दाखको बोटबाट आउँछ। येशूले भन्नुभयो, “साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। ... ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ।” (यूहन्ना १५:१,४,५)। येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएका सबै महान् म हुँ भन्ने कुराको यस पुस्तकको अन्तमा दिइएको सूची हेर्नुहोस्।

जब हामी अध्ययन गर्छौँ र उहाँका शिक्षाहरू पछ्याउँछौँ र हाम्रो जीवनमा परमेश्वरका योजनाहरू पालन गर्छौँ, तब हामी

येशूसँग जोडिने छौँ । यो हामी भित्र काम गर्नुहुने ख्रीष्टको पवित्र आत्माद्वारा हुन्छ। येशूले आफ्ना चेलाहरूलाई चेतावनी दिनुभयो कि परमेश्वरले फल नलाग्ने हाँगाहरू काट्नुहुन्छ तर अझ धेरै फल फलाउन असल हाँगाहरू छिँवल्नुहुन्छ (१५:२,६) । येशूले यो पनि भन्नुभयो:

- "तिमीहरू ममा रहयौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निर्मति गरिनेछ।" (१५:७)



**अंगूरको बोट र फल नलाग्ने हाँगाहरूको दृष्यन्त**

"तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ।" (१५:८)

# "ममा रहो... एक अर्कालाई प्रेम गर"

परमेश्वरले खोज्नुभएको फल पवित्र र उपयोगी जीवन हो। उहाँका छोराछोरीले उहाँलाई प्रेम गरून् र एक-अर्कालाई प्रेम गरून् भनी उहाँ चाहनुहुन्छ। परमेश्वरको प्रेमलाई अरू माझ सुम्पिदिने छोराछोरी उहाँ चाहनुहुन्छ। जब हाम्रो जीवन फलदायी हुन्छ, हामी परमेश्वरको महिमा गर्छौं।

यसकारण येशूले भन्नुभयो, "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो।" (१५:९) जब हामी उहाँका आज्ञाहरू पालन गर्छौं तब हामी उहाँको प्रेममा रहन्छौं (१५:१०)।

येशूले अझ यसो भन्नुभयो, "मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्।" (१५:११)

येशूले आफ्ना अनुयायीहरूलाई यस अध्यायमा दस पटकसम्म "ममा रहो" भन्नुभयो.

त्यसपछि येशूले आफ्नो तेस्रो महान् आज्ञा दोहोर्याउनुभयो। "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन। म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौ भने, तिमीहरू मेरा मित्र हौ... किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु। (१५:१२-१५)

"मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ। (१५:१६) हाम्रो प्रार्थनामा परमेश्वरको जवाफ फलदायी जीवनको प्रमाण हो।

फेरि एकपटक उहाँले आफ्ना अनुयायीहरूलाई भन्नुभयो , "म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर।" (१५:१७) हामीले आफ्ना छिमेकी र साथीहरूलाई प्रेम गरेको परमेश्वर चाहनुहुन्छ। यसमा हाम्रा नातेदारहरू र हामीसँग काम गर्ने व्यक्तिहरू समावेश छन्। यहाँ, येशूले हामीलाई अन्य विश्वासीहरुलाई पनि प्रेम गर्न र तिनीहरूका लागि प्रार्थना गर्न सम्झाउनुहुन्छ।

येशूले आफ्ना एघार जना चेलाहरूलाई भन्नुभयो, "मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ।" (१५:५) तैपनि

उहाँले तिनीहरूलाई छोड्दै हुनुहुन्थ्यो। येशू तिनीहरूलाई छोड्न दुःखी हुनुहुन्थ्यो। तथापि, परमेश्वरले राज्यमा कसरी फल फलाउने भनेर उहाँले ती मानिसहरूलाई बताउनुभयो। तब तिनीहरूले सबै राष्ट्रहरूलाई बताउनेछन्। उहाँ चाँडै तिनीहरूलाई छोड्नुहुनेछ तर उहाँले परमेश्वरको पवित्र आत्मालाई तिनीहरूसँग सदाको लागि रहन पठाउनुहुनेछ (मत्ती २८:१९–२०)। यसरी, येशू सदैव तिनीहरूको साथमा रहनुहुनेछ।

फ्रेड र लोर्ना मोरिसको यो वफादार प्रेम र फलदायी शिक्षाको साक्षी संसारभरिका मन्ना पब्लिकेसन्सका स्वयम सेवकहरूले दिन्छन्। येशूले तिनीहरूलाई गएर फल फलाउन बोलाउनुभयो र यो फल सधैँभरि रहनेछ।

# संसारले परमेश्वरका छोराछोरीलाई घृणा गर्छ

संसारले तिनीहरूलाई घृणा गर्नेछ भनेर येशूले आफ्ना चेलाहरूलाई चेताउनी दिनुभयो। "तिमीहरू जान, कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो। (यूहन्ना १५:१८) त्यसैले हामीले तिनीहरूको प्रेम प्राप्त गर्न गैर–विश्वसीहरूजस्तै जीवन बिताउने कोसिस गर्नु हुँदैन। यदि मानिसहरूले येशूलाई सताए भने, तिनीहरूले उहाँका साँचो अनुयायीहरूलाई पनि सताउनेछन्। अलोकप्रिय हुने जोखिममा पनि हाम्रा पिता परमेश्वरबाट सत्यता बोल्न हामी तयार हुनुपर्छ। तर येशूले यो पनि प्रतिज्ञा गर्नुभयो कि पवित्र आत्मा उहाँको बारेमा गवाही दिन तिनीहरूसँग हुनुहुनेछ (१५:२६)।

परमेश्वरलाई नचिनेका मानिसहरूले परमेश्वरका जनहरूलाई सताउँदछन्। आदम र हव्वाका सन्तानहरूसित सुरुदेखि नै यस्तै थियो। दुष्ट कयिनले आफ्नो धर्मी भाइलाई मारे (उत्पत्ति ४:८)। परमेश्वरले कयिन र हाबिललाई प्रेम गर्नुभयो तर हाबिलले मात्र परमेश्वरलाई प्रेम गर्न र उहाँको आज्ञा पालन गर्न रोजे।

परमेश्वरलाई घृणा गर्नेहरू पापको अन्धकारमा हराएका छन्। तिनीहरूले एक मात्र साँचो र जीवित परमेश्वर र उहाँको पुत्रलाई व्यक्तिगत रूपमा चिन्न चाहँदैनन् (यूहन्ना १६:३)। शैतानले तिनीहरूलाई आफ्नो औजारको रूपमा प्रयोग गर्छ। तिनीहरूले परमेश्वरका सेवकहरूमाथि आक्रमण गर्छन् र तिनीहरूलाई मार्छन् पनि।

येशूले चेताउनी दिनुभयो, "यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो। तर तिमीहरू यस संसारका होइनौ। तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ। ... तिनीहरूले मलाई सताए भने तिमीहरूलाई पनि सताउनेछन्। ... तर तिनीहरूले यी सब कुरा मेरो नाउँको खातिर तिमीहरूलाई गर्नेछन्, किनभने तिनीहरूले मलाई पठाउनुहुनेलाई चिन्दैनन्। (१५:१९–२१)

त्यसपछि येशूले आफ्ना चेलाहरूलाई यस्तो प्रतिज्ञा गर्नुभयो, "तिनीहरूले मेरो वचन पालन गरे भने तिमीहरूको वचन पनि पालन गर्नेछन्।" (१५:२०)

तथापि, येशूलाई इन्कार गर्नेहरूले परमेश्वर स्वयंलाई इन्कार गर्छन् (१५:२३)। येशूले पुरानो करारका भविष्यवाणीहरू पूरा भएको बताउनुभयो (१५:२५)। "तिनीहरूले बिनाकारण मलाई घृणा गरे।" (भजन ३५:१९; ६९:४)

त्यसपछि येशूले आफ्ना चेलाहरूलाई फेरि सम्झाउनुभयो कि उहाँले आफ्ना पिताबाट पवित्र आत्मा पठाउनुहुनेछ। "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ। तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ।" (यूहन्ना १५:२६–२७)

कोही–कोही मानिसहरूले परमेश्वरले हाम्रो वरपर गर्नुहुने चिन्ह र आश्चर्यकर्महरू प्रति प्रतिक्रिया दिनेछैनन्। येशूले भन्नभयो कि सुसमाचार वा असल समाचारले तब मात्र काम गर्दछ जब मानिसहरूः

१. येशूका वचनहरू पालन गर्नेछन् (१५:२०)।
२. सत्यको पवित्र आत्मा ग्रहण गर्नेछन् (१५:२६)।
३. साथीहरू र छिमेकीहरूलाई साक्षी दिनेछन् (१५:२७)।

रूखमा हाँगा जोडियो भने त्यसले सामान्यतया फल फलाउँछ। यदि हामी ख्रीष्टमा रह्यौं भने, हामी प्रेम, आज्ञाकारिता, प्रार्थना र उपासना सहित आत्माको उहाँको फलहरू बोक्नेछौं। उहाँको आत्माले विश्वासीहरुको संगतिमा नयाँ जीवन ल्याउनुहुनेछ। यदि हामी ख्रीष्टमा रहन्छौं भने, उहाँको आत्माले हामीभित्र काम गर्नेछ।

**यस बारेमा कुरा गर्नुहोस्:**

१. येशूले भन्नुभयो, "यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। (१५:१०) उहाँका आज्ञाहरू व्याख्या गर्नुहोस्।
२. येशूले १५:४-१० मा दस पटक "रहो" भन्ने शब्द प्रयोग गर्नुभयो। येशूले "ममा रहिरहो" भन्नुको अर्थ के थियो?
३. येशू आज पनि आफ्ना अनुयायीहरूसित कसरी रहनुहुन्छ (१५:१०; मत्ती २८:२०)?
४. केही मानिसहरूले ख्रीष्टियानहरूलाई किन सताउँछन् (१५:१८-१९)?

**यस बारे सोच्नुहोस्:** परमेश्वरको महिमामा कसरी धेरै फल देखाउन सकिन्छ भनेर बुझ्नको लागि प्रार्थना गर्नुहोस्। येशूको अनुयायी हुनुको अर्थ के हो भनेर अझ राम्ररी बुझ्न पनि प्रार्थना गर्नुहोस्।

## बाइबल अध्ययन: यूहन्ना अध्याय १६

## येशू आफ्ना अनुयायीहरूलाई ठूलठूला समस्याहरूको आशा गर्न चेताउनी दिनुहुन्छ

येशू आफ्ना अनुयायीहरूले आफ्नो विश्वास गुमाओस् भन्ने चाहनुभएन। येशूले भन्नुभयो, "तिमीहरूले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ।" (१६:१)

"वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ।" (१६:२) उहाँका चेलाहरूले यो कुरा राम्ररी बुझेका छन् कि छैनन् भनेर उहाँ पक्का हुन चाहनुहुन्थ्यो।

शैतानले मानिसहरूको मन अन्धो पार्छ। त्यसले परमेश्वरका सेवकहरूलाई आक्रमण गर्न वा मार्न लगाउँदा उनीहरू कहिलेकाहीं त्यसको झूटमा विश्वास गर्छन्। तर कुनै पनि कुराले परमेश्वरको मण्डलीलाई नष्ट गर्न सक्दैन (मत्ती १६:१७-१८)। ख्रीष्टमा सबै विश्वासीहरू उहाँसँग सधैंभरि बाँच्छन् (१४:१-४)।

येशूले यी शब्दहरू दोहोर्‍याउनुभयो: "तिनीहरूले यी काम गर्नेछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन्।" (१६:३)

"तर यी कुरा मैले तिमीहरूलाई बताएको छु, कि जब त्यो समय आउँछ, तब तिमीहरूलाई के भनेथें सो तिमीहरूलाई स्मरण हुनेछ। पहिले नै मैले तिमीहरूलाई यी कुरा भनिनँ, किनकि म तिमीहरूसँग थिएँ।" (१६:४)

चेलाहरू दुःखी थिए किनभने आफ्नो स्वर्गीय पिताकहाँ फर्कन येशूले तिनीहरूलाई छोडेर जान लाग्नुभएको थियो (१६:५-६)। तिनीहरूले परमेश्रको उद्देश्यको बारेमा होइन तर आफ्नो बारेमा मात्र सोच्दथे। विश्वासीहरूले कसरी गम्भीर गल्तीहरू गर्न सक्छन् भनेर इतिहासले बताउँछ। बुद्धिमानी निर्णयहरू गर्न पवित्र आत्मले डोर्‍याउनु होस् भनि प्रार्थना गर्नुहोस्।

# पवित्र आत्माले के गर्नुहुन्छ

येशूले तिनीहरूलाई भन्नुभयो, "म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। (१६:७) त्यसपछि येशूले तिनीहरूलाई फेरि आफ्नो मित्र, सान्त्वनादाता र मार्गदर्शक अर्थात् पवित्र आत्माको बारेमा बताउनुभयो जो तिनीहरूकहाँ आउनुहुनेछ।

येशूले यसो भन्नुभयोः "अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ।" (१६:८) यो प्रतिज्ञा पुरानो करारमा भजनसँग्रहका लेखक (भजन ९४:१५) र धेरै अगमवक्ताहरूले दिएका थिए।

येशूले चेलाहरूलाई अझ धेरै कुराहरू सिकाउन चाहनुहुन्थ्यो। उहाँले तिनीहरूलाई भन्नुहुन्छ कि पवित्र आत्माले उनीहरूलाई पुरानो र नयाँ सबै सत्य देखाउनुहुनेछ (१६:१३)। उहाँले तिनीहरूलाई उहाँले भन्नुभएका सबै कुराहरू सम्झन पनि मद्दत गर्नुहुनेछ (१६:१३)। यो महत्त्वपूर्ण थियो किनभने त्यस समयमा थोरै मात्रै लेखिएको हुन्थ्यो। हामीले येशूका शिक्षाहरू जान्नु र बुझ्नु र सही कुराको छिनोफानोमा आफ्नै विचारमा भर नपर्नु महत्त्वपूर्ण छ। यदि हामीले यो कुरा सम्झ्यौं भने, हामी जीवनमा आफ्नै स्वार्थी इच्छाहरूको पछि लाग्नेछैनौं।

पछि, येशूका केही अनुयायीहरूले येशूले सिकाउनुभएका महान् सत्यताहरू लेखे। बाइबलको नयाँ करारको अंशमा यी विश्वासयोग्य अभिलेखहरूका लागि परमेश्वरको प्रशंसा गर्नुहोस्! पवित्र आत्माले तिनीहरूका विचारहरू र तिनीहरूका लेखहरूलाई डोऱ्याउनुभयो। यी लेखहरू परमेश्वरबाट प्रेरित थिए भनी पावलले विश्वास गरे (२ तिमोथी ३:१६)। हामीले पुरानो र नयाँ करारका दुवै धर्मशास्त्र अनुसार सही हुनुपर्दछ र हामीले भनेका, सोचेका र गरेका सबै कुरामा धर्मी हुनुपर्दछ; साथै प्रेमपूर्ण र सत्यवादी हुनुपर्दछ।(एफिसी ४:१५)।

येशूले यसो पनि भन्नुभयो, "उहाँले मेरो महिमा गर्नुहुनेछ।" (१६:१४) पवित्र आत्मा सधैं पिता र पुत्रसित सहमत हुनुहुन्छ। अनि येशूले आत्माद्वारा हामीलाई पितातर्फ दर्शाउनुहुन्छ। पवित्र आत्माले हामीलाई येशूतर्फ दर्शाउनुहुन्छ र येशूद्वारा मात्र हाम्रो पिता परमेश्वरसम्म पुग्नसक्छौँ।" (१४:६)। "जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" (१६:१५)

# चेलाहरूको दुःख, आनन्द र शान्तिमा परिणत हुनेछ

येशूले अझै यसो भन्नुभयो, "अलि बेरपछि तिमीहरूले मलाई फेरि देख्नेछैनौ, अनि अलि बेरपछि मलाई फेरि देख्नेछौ।" (१६:१६) क्रूसमा येशूको मृत्यु, उहाँको बौरी उठाई र स्वर्गारोहण बारे चेलाहरूले अझै बुझेका थिएनन्। तिनीहरूले एकअर्कालाई भने, "उहाँले हामीहरूलाई यो भन्नुभएको के हो?" (१६:१७)

येशूलाई थाहा थियो कि उनीहरू यी कुराहरूबारे उहाँलाई सोध्न चाहन्थे। "साँच्चै, म तिमीहरूलाई भन्दछु, ... तिमीहरू शोकित हुनेछौ, तर तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ।" (१६:१९-२०)

उहाँले यसलाई यसरी व्याख्या गर्नुभयोः "बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ किनभने तिनको बेला आएको हुन्छ, तर जब तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस वेदनाको सम्झना हुँदैन किनकि संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन्। (१६:२०-२१)

येशूले भन्नुभयो, "यसरी नै अहिले तिमीहरूलाई शोक हुन्छ, तर म फेरि तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछन्। अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन।" (१६:२२) चेलाहरू उहाँको मृत्युमा रोए, तर उहाँ मृत्युबाट बौरी उठ्नुभएपछि उहाँलाई फेरि देख्न पाउँदा आनन्दित भए। येशूलाई चिनेर हाम्रो आनन्द तब रहन्छ जब हामी उहाँको अनुसरण र सेवा गरिरहन्छौं र अरूको लागि पनि जसको सेवा गर्न हामीलाई बोलाउनुभएको छ।

त्यसपछि येशूले भन्नभयो, “त्यो दिन ... तिमीहरूले मेरो नाउँमा पितासँग जे मागै, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ। ... माग, अनि तिमीहरूले पाउनेछौ। यसरी तिमीहरूको आनन्पूर्ण होओस्।” (१६:२३–२४) प्रधान पूजाहारीबाट दैनिक डोऱ्याई खोजेर परमेश्वरको सेवा गर्नुको आनन्दभन्दा यो एकदम फरक छ (गन्ती ४:२७)। जब हामी परमेश्वरसँग कुरा गर्छौं र येशूको नाउँमा उहाँलाई सोध्छौं, पवित्र आत्माले हामीलाई प्रेरणा र मार्गदर्शन गर्नुहुन्छ।

यो प्रतिज्ञा येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्ने सबैका लागि हो। येशू हाम्रो आनन्द पूर्ण भएको चाहनुहुन्छ (१५:११)। हामी येशूको नाउँमा प्रार्थना गरेर पिताकहाँ आउन सक्छौं। हामीलाई “उहाँको नाउँमा” प्रार्थना गर्न भनिएको छ।

याद राख्नुहोस्, येशूले आफ्ना अनुयायीहरूका निम्ति तीन चोटि आनन्दको प्रतिज्ञा गर्नुभयो (१६:२०,२२,२४) र पछि १७:१३ मा पनि। “किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्न, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्रको तर्फबाट आएँ भनी विश्स गरेका छौ।” (१६:२७)

“म पिताबाट आएँ, अनि संसारमा आएको छु,” (१६:२८) येशू आफ्नो पितासित संसारको सुरु देखि नै हुनुहुन्थ्यो जब उहाँहरुले यसो भन्नुभयो , “मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। (उत्पत्ति १:२६) उहाँले आफ्नो पितालाई छोडेर मनुष्यको रूपमा संसारमा प्रवेश गर्नुभयो। उहाँ कुमारी मरियमले यूसुफसँग विवाह गर्नुभन्दा पहिले पवित्र आत्माद्वारा जन्मनुभएको थियो (मत्ती १:१८–२१)।

येशूले फेरि एकपटक पुष्टि गर्नुभयो कि उहाँ तिनीहरूलाई छोडेर स्वर्गमा आफ्ना पिताकहाँ फर्कन लाग्दै हुनुहुन्थ्यो (यूहन्ना १६:२८)। अन्तमा, चेलाहरूले बुझ्न थाले। तिनीहरूले भने, “अब तपाईं स्पष्ट रूपमा बोल्नुहुन्छ।” (यूहन्ना १६:२९)। “के तिमीहरू अब विश्स गर्दछौ?” येशूले भन्नुभयो (यूहन्ना १६:३१)। यद्यपि उहाँलाई थाहा थियो कि जब उहाँको विपत्ति आउँछ तिनीहरूले उहाँलाई त्याग्ने छन्। येशूले आफ्ना लागि र तिनीहरूका लागि सान्त्वनाका शब्दहरू भन्नुभयो। उहाँले भन्नुभयो, “तापनि म एकलो छैनँ, किनभने पिता मसँग हुनुहुन्।” (१६:३२) येशूले यी वचनहरू साँचो हुन् भनेर प्रमाणित गर्नुभयो। हामी पनि एक्लो छैनौं। हामीमा पवित्र आत्मा बास गरिरहनुभएको छ।

“मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्तिहोस्। संसारमा तिमीहरूलाई संकष्टहुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।” (१६:३३)

येशूलाई थाहा थियो कि हाम्रो जीवनमा सधैँ परमेश्वरको शान्ति हुनु कत्ति महत्त्वपूर्ण छ। उहाँले हाम्रो लागि संसारमाथि विजय प्राप्त गर्नुभयो, ताकि हामी हाम्रो जीवनमा भएको पाप र यस संसारमा भएका सबै गलत कुराहरूमाथि विजय प्राप्त गर्न सकौँ। ख्रीष्टियनहरूले परमेश्वरको सेवा गर्न संसारका पापहरूबाट आफूलाई अलग राख्नुपर्छ। “म तिनीहरूमा वास गर्नेछु, र तिनीहरूका बीचमा हिँड्डुल गर्नेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्” (२ कोरिन्थी ६:१७–१८)

### यस बारेमा कुरा गर्नुहोस्:

१. येशूको चेताउनीले विश्वासीहरूलाई समस्या आइपर्दा कसरी मद्दत गर्छ (१६:२–४)?
२. प्रतिज्ञा गरिएको पवित्र आत्माले हामीलाई मद्दत गर्नुहुनेछ भनेर येशूले कसरी भन्नुभयो (१६:७–८)?
३. पवित्र आत्माले आफू र उहाँका चेलाहरूका लागि अरू के गर्नुहुनेछ भनी येशूले अरू के के भन्नुभयो (१६:१३)?
४. येशूले आफ्ना अनुयायीहरू आनन्दित हुनेछन् भनेर तीन चोटि प्रतिज्ञा किन गर्नुहुन्छ (१६:२०–२४)?
५. येशूले हामी सबैको लागि कस्तो विजय र शान्ति प्राप्त गर्नुभएको छ (१६:३३)?

**यस बारे सोच्नुहोस्**:आज र भविष्यमा परमेश्वरको उद्देश्य बुझ्न तपाईंलाई कस्ता दुःख कष्ट वा डरले रोक्छ? के तपाईंले आज येशूलाई डर, शंङ्का र इन्कारबाट बच्न उहाँको प्रतिज्ञा गरिएको शक्तिको लागि सोध्नुभएको छ?

## बाइबल अध्ययनः यूहन्ना अध्याय १७
## येशू आफ्नै लागि प्रार्थना गर्नुहुन्छ

येशूले यी कुराहरू भन्नुभएपछि उहाँले स्वर्गतिर हेरेर प्रार्थना गर्नुभयो। सबै चेलाहरूले उहाँले सर्वशक्तिमान परमप्रभु परमेश्वरलाई उहाँलाई आशिष् दिन आग्रह गरेको सुने। "हे पिता, समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईंको महिमा प्रकट गरोस्।" (१७:१) उहाँले स्वर्गमा बस्नुहुने आफ्ना पितालाई महिमा गर्न र आफ्नो पिताको महिमा गर्ने अरूलाई पनि आशिष् दिन सक्षम तुल्याउन उहाँलाई आशिष् दिन आग्रह गर्नुभयो।

येशू क्रूसमा मर्नुभन्दा एक दिन कम समय भएको थियो। येशूलाई थाहा थियो कि उहाँले पिताको इच्छा पूरा गर्नुपर्छ, चाहे जस्तोसुकै मूल्य चुकाउन किन नपरोस्। उहाँको मृत्युले हाम्रा पापहरूको निम्ति क्रूसमा उहाँको आफ्नै दण्डद्वारा उहाँको पिताको मुक्तिको योजना पूरा गर्‍यो। उहाँको मृत्युपछि फेरि जीवनमा फर्किनु परमेश्वरको महिमा थियो र शैतान माथिको विजयी थियो। यसकारण येशूले परमेश्वरको महिमा होस् भनेर प्रार्थना गर्नुभयो।

येशूले आफ्ना पिता परमेश्वरसित कुरा गरिरहनुभयो ताकि सबैले सुन्न सकून्। उहाँले घोषणा गर्नुभयो कि परमेश्वरको पुत्रको सबै मानिसहरूमाथि अधिकार छ (१७:२)। परमेश्वरले उहाँलाई दिनुभएको मानिसहरूलाई उहाँले अनन्त जीवन दिनुहुन्छ। उहाँले भन्नुभयो कि तिनीहरूले अनन्त जीवन पाउनेछन् जब तिनीहरूले एक मात्र साँचो परमेश्वर र येशूलाई चिन्नेछन्, जसलाई उहाँले पठाउनुभएको थियो (१७:२-३)।

आफ्नो र अरूको लागि प्रार्थना गर्दा परमेश्वरको महिमाको लागि प्रार्थना गर्ने कुरा पनि सम्झौं। हाम्रो स्वास्थ्य, हाम्रो सुरक्षा, हाम्रो प्रबन्ध, हाम्रा साथीहरू र परिवार र हाम्रा समस्याहरूको लागि प्रार्थना गर्दा यो कुरा सम्झनुहोस्। हाम्रा प्रार्थनाहरूको जवाफले हाम्रो बोलावटमा सेवा पाउनेहरुमा अनन्त जीवन र ईश्वरीय समझका साथ सधैं परमेश्वरको महिमा भएको होस्।

"जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्मैले महिमित तुल्याउछु। अब हे पिता, संसारको सृष्टिहुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्सैले आफ्नै उपस्थितिमा मलाई महिमित पार्नुहोस्।" (१७:४-५) उहाँले यस महिमालाई अलग राख्नुभयो र पृथ्वीमा आउनुभयो। अब उहाँले फेरि उही महिमा आफ्नो पितासँग सदा-सर्वदाको लागि पाउनुभएको छ।

उहाँका अनुयायीहरूले उहाँको मृत्यु र पुनरुत्थानको महिमा देखे (मत्ती २७:५४)। पिताले पुत्रको महिमा गर्नुभयो, जो स्वर्गमा फर्कनुभयो र सर्वशक्तिमान परमेश्वरको दाहिनेपट्टि फेरि आफ्नो सिंहासन लिनुभयो (हिब्रू १:३)। परमेश्वरले येशूलाई मृत्युबाट ब्यूँताउनुहुँदा र चालीस दिनपछि उहाँलाई स्वर्गमा स्वागत गर्नुहुँदा परमेश्वरले यस प्रार्थनाको जवाफ दिनुभयो (प्रेरित १:९)

# येशू आफ्ना चेलाहरूका लागि प्रार्थना गर्नुहुन्छ

त्यसपछि येशूले आफ्ना चेलाहरूका लागि प्रार्थना गर्नुभयो। उहाँले आफ्ना पितालाई भन्नुभयो, "तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो। ... म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्स गरेका छन्।" (यूहन्ना १७:७-८) परमेश्वर र उहाँका पुत्र, हाम्रा मुक्तिदाताबारे हामीले पनि जान्नै पर्ने यी महत्त्वपूर्ण सत्यहरू हुन्।

येशूले अझ यसो भन्नुभयो, "म तिनीहरूका निम्प्रार्थना गर्दछु, संसारको निम्म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्, जसलाई तपाईंले मलाई दिनुभएको छ। किनभने तिनीहरू तपाईंकै हुन्। ... मचाहिँ तपाईंकहाँ आइरहेछु। ... तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्।" (१७:९,११) विश्वासीहरुको भविष्यको एकता येशूको लागि एकदमै महत्त्वपूर्ण थियो। उहाँको प्रार्थना आज उहाँका वचनहरू पढ्ने सबैका लागि थियो। येशू र उहाँका पिताले एकतामा एकअर्कालाई प्रेम गरेझैं हामी पनि एकतामा एकअर्कालाई प्रेम गरून् भन्ने उहाँ चाहनुहुन्छ। हामीले संगतिमा भेला भइरहनुपर्छ र न्याय नगरीकन तयार रहनुपर्छ।

येशूले आफ्ना पितासित कुरा गरिरहनुभयो। उहाँले आफ्ना अनुयायीहरू आनन्दित भएको चाहनुहुन्छ भनेर परमेश्वरलाई भन्नुभयो (१७:१३)। येशूले सिकाउनुभएको परमेश्वरबाट आएको सत्यतालाई तिनीहरूले विश्वास गरे। तर अहिले संसारमा धेरै मानिसहरूले तिनीहरूलाई घृणा गरे (१७:१४)। येशूले प्रार्थना गर्नुभयो, "तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस्भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्बाट सुरक्षित राखिदिनुहोस्।" (१७:१५) हामी बाँचिरहेको संसारमा शैतानले काम गरिरहेको छ, त्यसैले विश्वासीहरूले आनन्द र सुरक्षा दुवै पाऊन् भनेर येशूले प्रार्थना गर्नुभयो।

त्यसपछि येशूले फेरि परमेश्वरलाई प्रार्थना गर्नुभयो, "तिनीहरूलाई सत्यपवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्यहोस्। ... तिनीहरू पनि सत्यपवित्र होऊन्।" (१७:१७,१९) उहाँका चेलाहरूले येशूले परमेश्वरबाट दिनुभएको शिक्षालाई विश्वास र पालन गर्दा पवित्र भए।

यसभन्दा अघि, येशूले यहूदी विश्वासीहरुलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँचै मेरा चेला हौ। तब तिमीहरूले सत्य के हो सो जानेका छौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउछ।" (८:३१-३२)

# येशूले सबै विश्वासीहरूका लागि प्रार्थना गर्नुहुन्छ

येशूले आफ्ना पितालाई भन्नुभयो कि उहाँको प्रार्थना बाह्र जना चेलाहरूका लागि मात्र होइन तर उहाँमा भएका सबै विश्वासीहरुका लागि हो, जसमा यहूदीहरू पनि समावेश छन्। तिनको प्रार्थना त्यतिबेलाका लागि मात्र होइन, अहिलेका लागि पनि थियो। "म यिनीहरूका निम्तमात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति प्रार्थना गर्छु।" (१७:२०) यसरी येशूले आफ्ना वचनहरू सिकाउनु र येशू ख्रीष्टमार्फत मुक्तिको सुसमाचार प्रचार गर्नु महत्त्वपूर्ण छ भनेर हामीलाई देखाउनुभयो। साथै, हामी कुरा गर्नेहरूको लागि र शिक्षा र प्रचारमा भाग लिनेहरूका लागि प्रार्थना गर्नपर्छ। साथै, हाम्रा मुक्तिदाता येशूको सुसमाचार पढ्ने र विश्वास गर्ने वा रेकर्डिङहरू सुन्नेहरूका लागि प्रार्थना गर्नपर्छ।

येशूले ख्रीष्टियान एकताको लागि फेरि प्रार्थना गर्नुभयो। यो तब मात्र सम्भव छ जब विश्वासीहरू सर्वशक्तिमान परमेश्वरमा र येशू ख्रीष्ट र पवित्र आत्मासँग एकताबद्ध हुन्छन्। तब संसारले विश्वास गर्नेछ। (१७:२१) मानिसहरूले हाम्रो एकता र एकअर्काप्रतिको प्रेम देख्नेछन्। तिनीहरूले परमेश्वर, येशू र पवित्र आत्माप्रतिको हाम्रो प्रेम देख्नेछन्। तिनीहरूले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने सुसमाचार सुन्नेछन् र त्यसपछि विश्वास गर्नेछन्, जुन उहाँले संसारलाई

पापबाट बचाउन, यहूदीहरू र गैर–यहूदीहरू दुवैलाई पठाउनुभएको छ। तिनीहरूले परमेश्वरको उही महिमा देख्नेछन्. जुन येशूले प्राप्त गर्नुभयो र उहाँका सबै अनुयायीहरूलाई दिनुहुन्छ (१७:२२)। तिनीहरूले विश्वासीको र तिनीहरूका प्रभुबीचको एकता र प्रेम देख्नेछन्।

यही एकतालाई शैतानले अक्सर नष्ट गर्न खोज्छ। मण्डलीको एकता परमेश्वर र अन्य विश्वासीहरूप्रतिको प्रेम र खीष्टलाई हाम्रो उपासना र शिक्षामा केन्दीय स्थानमा राख्नुद्वारा हुन्छ। यसले उहाँको आत्मालाई हाम्रो बीचमा काम गर्न स्वतन्त्रता दिन्छ।

येशू चाहनुहुन्थ्यो कि तिनीहरू एकसाथ पूर्णतया एकताबद्ध होऊन्। "यसले संसारलाई थाहा दिनेछ कि तपाईंले मलाई पठाउनुभयो।" (१७:२३) सर्वशक्तिमान परमेश्वर र हाम्रा प्रभु येशू खीष्टसितको एकताबाट अरूसितको हाम्रो एकता आउँदछ। हामीले शैतानलाई अरूसित वा हाम्रा मुक्तिदाता र हाम्रा परमेश्वर सितको प्रेम र एकताको यो गवाहीलाई नष्ट गर्न दिनु हुँदैन।

अन्तमा, येशूले भन्नुभयो कि उहाँ आफ्ना अनुयायीहरूले उहाँलाई उहाँको सारा महिमामा देख्न चाहनुहुन्छ। उहाँको पुनरुत्थानपछि उहाँका चेलाहरूले उहाँलाई पृथ्वीमा छोटो समयका लागि देख्ने थिए। तर येशूका सबै अनुयायीहरू महिमामा उहाँसँग हुनेछन्। यो महिमा येशूलाई दिइएको थियो किनभने परमेश्वरले उहाँलाई "संसार सृष्टि हुनुभन्दा अघि" प्रेम गर्नुभएको थियो। (१७:२४)

**येशूले भविष्यको मण्डलीको लागि प्रार्थना गर्नुभयो ।**

उहाँले विश्वासीहरूको भेलाहरूको लागि प्रार्थना गर्नुभयो:

एकअर्कासँग र उहाँको पितासँग एक हुन (यूहन्ना १७:११)।

उहाँको आनन्दले परिपूर्ण हुन (यूहन्ना १७:१३)।

दुष्टबाट सुरक्षित हुन (यूहन्ना १७:१५)।

पवित्र हुन र पापबाट अलग रहन (यूहन्ना १७:१९)।

अरूलाई प्रेमपूर्वक सुसमाचार बाँड्न (यूहन्ना १७:२०)।

एकअर्कासँग, परमेश्वरसँग र हाम्रा प्रभु र मुक्तिदातासँग साँचो खीष्टिय एकता देखाएर येशूका नयाँ अनुयायीहरू बनाउन (यूहन्ना १७:२१)।

जब हामी येशूले हाम्रो लागि कसरी प्रार्थना गर्नुभयो भनेर पढ्छौं, यसले हामीलाई परमेश्वरको राज्यको लागि काम गर्न प्रोत्साहन दिन्छ। उहाँ आज पनि हाम्रो लागि प्रार्थना गरिरहनुहुन्छ, आ  ना स्वर्गमा हुनुहुने पितासँग हाम्रो मध्यस्थता गरिरहनुहुन्छ (हिब्रू ७:२५)।

# येशूको अन्तिम प्रतिज्ञा

पक्राउ पर्नुअघि येशूले आफ्ना पितालाई एउटा प्रतिज्ञा गर्नुभएको थियो। येशूले यसो भन्नुभयो, "तपाईंले मलाई दिनुभएकाहरूलाई थाहा छ कि तपाईंले मलाई पठाउनुभएको छ। मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु।" त्यसपछि उहाँले प्रतिज्ञा गर्नुभयो, "म तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु। मप्रति तपाईंको जुन प्रेम छ, त्यो तिनीहरूमा रहनेछ।" (१७:२५–२६)

येशूले आफ्नो परीक्षा र मृत्युअघि परमेश्वरलाई गर्नुभएको अन्तिम प्रतिज्ञा यही हो। उहाँले पवित्र आत्माको शक्तिद्वारा हाम्रो लागि यो प्रतिज्ञा पूरा गरिरहनुभएको छ। यसरी येशूले हामीलाई परमेश्वरलाई चिन्न सक्षम पार्नुभयो। हामी परमेश्वरको  प्रेम जान्दछौं र हामी येशूको करुणा जान्दछौं। येशूले भन्नुभयो, "म आफै तिनीहरूमा हुनेछु।" (१७:२६) उहाँले आफ्नो पवित्र आत्माको पुनरुत्थानको शक्तिद्वारा यो काम गर्नुहुन्छ।

यो येशूको प्रतिज्ञा हो जुन आज पनि सत्य छ। उहाँ आफ्ना पितासँग हाम्रो बारेमा कुरा गरिरहनुभएको छ र स्वर्गमा हाम्रो लागि प्रार्थना बिन्ती गरिरहनुभएको छ। (हिब्रू ७:२५)

**यस बारेमा कुरा गर्नुहोस्ः**

१. येशूले किन आफ्नो लागि प्रार्थना गर्नुभयो (१७:१)? यसले कसरी परमेश्वरलाई आशिष् दिन्छ र अरूलाई आशिष् दिन्छ (१७:२–३)?

२. येशूले आफ्ना चेलाहरूका लागि किन प्रार्थना गर्नुभयो (१७:२०)? सिकाउनु र प्रचार गर्नुमा के भिन्नता छ?

३. येशूले आफ्ना सबै अनुयायीहरूका लागि अहिले किन प्रार्थना गर्ने प्रतिज्ञा गर्नुभयो (१७:२१; यूहन्ना १७:२१)। हिब्रू ७:२५)?

४. प्रभु र अरूप्रतिको प्रेममा एकताबद्ध हुँदा के हुन्छ (१७:२३)?

५. येशू आफ्ना सबै अनुयायीहरूले उहाँलाई के दिइएको देख्न चाहनुहुन्छ (१७:२४)? किन?

६. येशूले उहाँमा विश्वास गर्ने सबैका लागि के प्रतिज्ञा गर्नुभयो (१७:२६)? के यो कुरा आज पनि साँचो छ?

**यस बारे सोच्नुहोस्ः** विश्वासीहरू बीच एकता किन असाध्यै महत्त्वपूर्ण छ? यसले कसरी परमेश्वरको महिमा गर्छ र उहाँका जनहरूलाई आशिष् दिन्छ? के तपाईं परमेश्वरलाई येशूका यी वचनहरू भन्न सक्नुहुनेछः "जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमै महिमित तुल्याएको छु।" (यूहन्ना १७:४)? येशूले आज हामीसित कसरी कुराकानी गर्नुहुन्छ?

## बाइबल अध्ययनः यूहन्ना अध्याय १८
## यहूदाले येशूलाई विश्वासघात गर्छ

येशूले प्रार्थना गरिसक्नुभयो र आफ्ना एघार जना चेलाहरूसित यरूशलेम शहर छोड्नुभयो। तिनीहरू किद्रोन नदीको पूर्वी ढोका हुँदै गेतसमनीको जैतुनको रूखको खेतमा गए। यहूदाले उहाँलाई कहाँ भेट्टाउने भनेर जान्दथे। येशू अक्सर प्रार्थना गर्न त्यहाँ जानुहुन्थ्यो। येशू अब धेरै चिन्तित हुनुभयो र त्यहाँ पत्रुस, याकूब र यूहन्नासँग नजिकै प्रार्थना गर्नुभयो (मर्कूस १४:३३)।

चाँडै यहूदा आइपुगे। रोमी सिपाहीहरू र यहूदी दरबारका अधिकारीहरू तिनीसित आए। "तब बत्ती, राँको र हतियारहरू लिएका सिपाहीहरूको एक दल र मुख्यपूजाहारी र फरिसीहरूले पठाएका पहरेदारहरू लिएर यहूदा त्यहाँ आयो। तब आफूमाथि आइपर्ने सबै कुरा थाहा पाएर येशू अगि आउनुभयो। (यूहन्ना १८:३–४) ईश्वरीय समझले द्वन्द्व वा उत्पीडनमा शान्ति ल्याउँछ। परमेश्वरले तपाईंलाई उहाँको ईश्वरीय उद्देश्य देखाउनुहोस् र आगामी विपत्तिहरूका लागि तयार पार्नुहोस् भनी प्रार्थना गर्नुहोस्। तब तपाईंहरूले इच्छा र शान्ति जान्नुहुनेछ अनि के भन्नुपर्छ र के गर्नुपर्छ भनेर पनि जान्नुहुनेछ।

"तिमीहरू कसलाई खोज्छौ?" येशूले सोध्नुभयो।

तिनीहरूले जवाफ दिए, "नासरतका येशू।" यो त्यही नाउँ थियो जसद्वारा उहाँलाई चिनिन्थ्यो.

येशूले भन्नुभयो, "म उही हुँ।"

सिपाहीहरू पछि हटे र भुइँमा लडे। तिनीहरू अचानक डराए, त्यसैले उहाँले तिनीहरूलाई दोस्रो पटक सोध्नुभयो (१८:७)। येशूले यो पनि भन्नुभयो, "यदि तिमीहरूले मलाई खोजिरहेका छौ भने यी मानिसहरूलाई जान देऊ।" (१८:८) येशू आफ्ना चेलाहरूलाई हानि हुनबाट जोगाउन चाहनुहुन्थ्यो।

पत्रुसले आफ्नो तरवार निकाले र माल्कस नाउँ गरेका एक जना मानिसलाई हिर्काए। उनले उसको दाहिने कान काटिदिए। त्यो मानिस प्रधान पूजाहारीको नोकर थियो (१८:१०)। येशूले पत्रुसलाई आफ्नो तरवार हटाउन भन्नुभयो (१८:११)। परमेश्वरको योजनाविरुद्ध लडेको तिनी चाहँदैनथे। पापीहरूलाई बचाउन उहाँले दुःख भोग्नुपर्छ र मर्नुपर्छ

भनेर येशूलाई थाहा थियो। तिनले आफ्नो बलिदानलाई “दुःखको कचौरा” भने। येशूले त्यस मानिसलाई छुनुभयो र उसको कान निको पार्नुभयो (लूका २२:५१)।

बप्तिस्मा दिने यूहन्नाले भने कि येशू संसारका पापहरू हटाउन आउनुभयो (यूहन्ना १:२९)। येशू ‘धेरै मानिसहरूका पापहरू लिन’ क्रूसमा मर्नुभयो। (हिब्रू ९:२८) क्रूसमा येशूले संसारका सबै पापहरू आफैमा लिनुभयो। परमेश्वर उहाँका पिताले आफ्ना पुत्रलाई हामी सबैको निम्ति क्रूसमा मर्न दिनुभयो। येशूलाई थाहा थियो कि पुरानो करारका भविष्यवाणीहरू उहाँको कष्ट र मृत्युको बारेमा साँचो थिए (भजनसंग्रह २२:१; यशैया ५३:४-१२)। उहाँको इच्छुक बलिदानको फलस्वरूप हामी पापीहरूले पाउनुपर्ने सजाय भोग्नुपऱ्यो। येशूसँग आफूलाई बचाउने शक्ति थियो, तैपनि ‘उहाँले परमेश्वरको पूर्ण आज्ञा पालन गर्नुभयो, यद्यपि यसले उहाँको मृत्यु भयो। वास्तवमा उहाँ क्रूसमा मर्नुभयो।’ (फिलिप्पी २:८)

‘त्सपछि सिपाहीहरूको दल, तिनीहरूका कप्तान, र यहूदीहरूका पहरेदारहरूले येशूलाई पक्रे, र उहाँलाई बाँधे।’ (यूहन्ना १८:१२) चेलाहरूले उहाँलाई त्यागे।

## हन्नासद्वारा येशूको परीक्षा

रोमी सिपाहीहरूले आफू नियन्त्रणमा छु भन्ठाने तर परमेश्वर सधैं नियन्त्रणमा हुनुहुन्थ्यो। येशूका तीनवटा परीक्षाहरू थिए, तर हामी सामान्यतया तिनीहरूलाई एउटा ठान्छौं। हेरोदद्वारा अनौपचारिक परीक्षण पनि गरिएको थियो (लूका २३:७-१६)।

येशूलाई पहिला पूर्वप्रधान पूजाहारी हन्नास कहाँ लगियो। पत्रुस र यूहन्नाले सिपाहीहरू र अधिकारीहरूलाई केही परबाट पछ्याए। त्यो मध्यरातको समय थियो।

यो पहिलो परीक्षण कानुनी थिएन। त्यस समयमा कैयाफा प्रधान पूजाहारी थिए। हन्नास तिनका ससुरा थिए (यूहन्ना १८:१३) र एक पूर्व प्रधान पूजाहारी थिए। कायाफाले यहूदीहरूको सर्वोच्च अदालत, महासभामा शासन गरे। ‘मानिसहरूका निम्ति एक जना मानिस मर्यो भने राम्रो हुन्छ’ भनी तिनी एकदमै विश्वास गर्थे। (११:५०; १८:१४) येशूका अनुयायीहरूले दङ्गा मच्चाउलान् भनेर तिनलाई डर लागेको थियो। रोमी सैनिकहरूले यरूशलेम र इस्राएल राष्ट्रलाई नाश गर्नेछन् भनेर तिनलाई डर लागेको थियो। इस्राएलका मानिसहरूलाई बचाउन येशू मर्नुपर्छ भन्ने तिनको विश्वास थियो। तिनको विश्वास तिनले नसोचेको तरिकामा पूरा भयो!

## पत्रुसले येशूलाई इन्कार गरे

यूहन्नाले हन्नासलाई चिनेका थिए। तिनलाई येशूसँगै आँगनमा जान दिइयो। पत्रुस बाहिर कुरेर बसे। यूहन्नाले ढोकामा उभिएकी स्त्रीलाई पत्रुसलाई भित्र पस्न दिन आग्रह गरे (१८:१५-१६)।

परीक्षाको समयमा पत्रुस आँगनमा उभिए। उसले आगोमा आफैलाई न्यानो बनायो। तब त्यस स्त्रीले उसलाई येशूको चेला हुनुहुन्छ कि भनेर सोधिन्। पत्रुसले जवाफ दिए, “म होइन” (१८:१७)।

पछि राती, पत्रुसले थप दुई पटक भने कि उनी येशूको चेला थिएनन् (१८:२५-२७)। तेस्रो चोटि पत्रुसले भाले बाँसेको आवाज सुने। यस्तो हुनेछ भनेर येशूले भन्नुभएको कुरा तिनले सम्झे। “साँचै, म तिमीलाई भन्छु, आजै राती भाले बास्नुअघि तिमीले मलाई तीन पटक इन्कार गर्नेछौ। (मत्ती २६:३४) पत्रुस बाहिर गए र रोए (मत्ती २६:७५)। तिनलाई आफ्नो प्रभुको विषयमा बोल्न पवित्र आत्माको शक्तिको खाँचो थियो। पत्रुस कमजोर थिए; येशू बलियो हुनुहुन्थ्यो। यसबीच हन्नासले येशूलाई प्रश्न गरे। उहाँले येशूलाई उहाँका चेलाहरू र उहाँको शिक्षाको बारेमा सोध्नुभयो (१८:१९)।

येशूले जवाफ दिनुभयोः “मैले संसारलाई खुल्ला भनेको छु। मैले सधैँ सभाघरमा र मन्दिरमा शिक्षा दिएको छु, जहाँ सबै यहूदीहरू भेला हुन्छन्। मैले गुप्तमाकेही भनेको छैनँ। मलाई किन सोध्नुहुन्छ? मैले तिनीहरूलाई के भनें सो सुन्नेहरूलाई नै सोध्नुहोस्। मैले भनेका कुराहरू यिनीहरूलाई थाहा छ।” (१८:२०–२१)

येशूले यसो भन्नुहुँदा एक जना अधिकारीले उहाँको मुखमा हिर्काए। “के यो जवाफ दिने तरिका हो?” उहाँले सोध्नुभयो (१८:२२)।

“के मैले केही गलत भनेको छु?” येशूले जवाफ दिनुभयो। “मैले बेठीक भनेको भए त्यसको प्रमाण देऊ, तर यदि मैले ठीकै भनेको हुँ भने मलाई किन हिर्काउँछौ?” (१८:२३) कसैले जवाफ दिएनन्। भीडले दंगा मच्चाउनुअघि नै धर्मगुरुहरू येशूको न्याय गर्न चाहन्थे।

येशूलाई बाँधेर राख्दा हन्नासले उहाँलाई नयाँ प्रधान पूजाहारी कैयाफा कहाँ पठाए (१८:२४)।

# कैयाफाद्वारा येशूको परीक्षण

महासभाको अदालतमा येशूको मुद्दा चलिरह्यो। त्यो अझै रात थियो त्यसैले यो यहूदी कानून अन्तर्गत अवैध थियो। सत्तरी जनासम्म यहूदी धर्मगुरुहरूले भाग लिए। के भयो भनी मर्कूस १४:५५–६५ मा लेखिएको छ।

अदालतले येशूको बारेमा नराम्रो कुराहरू भन्नको लागि साक्षीहरू खोज्ने कोसिस गर्‍यो। येशूले भन्नुभएको कुरामा कोही पनि सहमत हुन सकेनन् (मर्कूस १४:५९)। सुरु–सुरुमा येशू चुप बस्नुभयो। तब कैयाफाले येशूलाई सोधे, “के ख्रीष्ट हौ?” “के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस्?” (मर्कूस १४:६१)

येशूले जवाफ दिनुभयो, “म हुँ।” त्यसपछि येशूले पुरानो करारबाट आफ्नो बारेमा वचनहरू भन्नुभयो। अगमवक्ता दानिएलले ख्रीष्टलाई दर्शनमा देखे। उहाँ मानिसको पुत्र जस्तै हुनुहुन्थ्यो। उहाँ परमप्रभु सर्वशक्तिमान परमेश्वरसगँ रहन बादलहरूमाथि स्वर्गमा जानुभयो (दानियल ७:१३)। येशूले भन्नुभयो कि उहाँ बादलमा स्वर्ग जानुहुनेछ र परमेश्वरको दाहिने पट्टि बस्नुहुनेछ (मर्कूस १४:६२)।

कसैले पनि येशूलाई विश्वास गरेनन्। कैयाफाले भने, “तिमीहरूले ईश्वर–निन्दा सुनिहालेऊ। तिमीहरूको के विचार छ?” (मर्कूस १४:६४) तिनीहरू सबैले उहाँलाई दोषी ठाने। तिनीहरूले भने कि उहाँ मर्नुपर्छ। यहूदी अगुवाहरू र रोमीहरू येशूलाई हटाउन चाहन्थे। उहाँ शान्ति र तिनीहरूको अधिकारको लागि जोखिम देखिनुहुन्थ्यो।

कैयाफा येशूलाई रोमी राज्यपाल पन्तियस पिलातसकहाँ पठाउन राजी भए। दरबारका कोही–कोहीले उहाँमाथि थुक्न थाले। कोही–कोहीले उहाँलाई हिर्काए र हाँसे। तिनीहरूले येशूलाई डोरीले बाँधेर पिलातसकहाँ पठाए। रोमी सिपाहीहरूले उहाँलाई पक्रेर पिटे (मर्कूस १४:६५)।

येशूले झूट बोल्नुभएन तर सत्य बोल्नुभयो। धेरैले उहाँको शिक्षा सुन्न र उहाँका आश्चर्यकामहरू हेर्न चाहन्थे। “उहाँ गरिबहरूलाई सुसमाचार सुनाउन र कैदीहरूलाई मुक्त गर्न आउनुभएको थियो।” (यशैया ६१:१)

येशूले धार्मिक सतावटको कारण धेरै कष्ट भोग्नुभयो तर उहाँले आफ्ना पिता परमेश्वरमा भरोसा गर्नुभयो।

# पन्तियस पिलातसद्वारा येशूको परीक्षण

त्यति बेला बिहानपख थियो। यहूदीहरू पिलातससँग मिलेर वार्षिक निस्तार चाडको उत्सव अघि अशुद्ध हुन चाहेनन् जो यहुदी थिएन। तिनीहरू वार्षिक निस्तार चाडको उत्सवको लागि पनि आफूलाई तयार पार्न चाहन्थे। यसकारण तिनीहरू राज्यपालको महलभित्र पसेनन् (यूहन्ना १८:२८)। पिलातस तिनीहरूकहाँ आए। उहाँले तिनीहरूलाई सोध्नुभयो, "यस मानिसको विरुद्धमा तिमीहरू के अभियोग लाउँछौ?" (१८:२९)

धार्मिक अगुवाहरूले भने, "यदि यो मानिस अपराधी नभए हामी यसलाई तपाईंकहाँ सुम्पनेथिएनौं। कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन।" (१८:३०-३१)

पिलातसले येशूलाई आफूकहाँ ल्याउने आज्ञा दिए। उहाँले येशूलाई सोध्नुभयो, "के तिमी यहूदीहरूका राजा हौ?" (१८:३३).

येशूले भन्नुभयो, "मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, ... मेरो राज्यस संसारको होइन।" (१८:३६)

पिलातसले भने, "के तिमी राजा नै हौ त?" (१८:३७)।

येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्म जन्मेको हुँ, र यसैको निम्ति सत्य गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्य पक्षमा छ, त्सले मेरो सोर सुन्छन्।" (१८:३७) यशैयाको अगमवाणी अनुसार येशू दुःखी दास र विजयी राजा दुवै हुनुहुन्छ (यशैया ५३)।

"सत्य के हो?" पिलातसले साधे (१८:३८)। धेरै मानिसहरूले यही प्रश्न सोध्छन् र हामीले पनि गर्नुपर्छ। हामी विश्वास गर्छौं कि येशू स्वयम् परमेश्वरको सत्यता हुनुहुन्छ (१:१४; १४:६)। पिलातसलाई यो कुरा थाहा थिएन वा बुझेको थिएन। बरु तिनले हेरोदलाई तिनको राय मागे। हेरोद येशू बस्ने इलाकाको राज्यपाल हुनुहुन्थ्यो (लूका २३:७-९)। न त पिलातस र न हेरोदले विश्वास गरे कि उहाँ मृत्युको योग्य हुनुहुन्छ (२३:१४-१५)।

पिलातसले येशूसित कुरा गर्न छोडे र फेरि यहूदी अगुवाहरूकहाँ गए। यो समय सम्ममा ठूलो भिड जम्मा भइसकेको थियो। तिनीहरू तुरुन्तै येशूको विरुद्धमा लागे। पिलातसले यसो भनेः "म यिनमा केही दोष भेट्टाउँदिनँ। निस्तार-चाडमा एक जनालाई मैले तिमीहरूका निम्ति छोडिदिने तिमीहरूको प्रथा छ। त के तिमीहरू चाहनै, कि यहूदीहरूका राजालाई छोडिदिऊँ?" (यूहन्ना १८:३८-३९)

तिनीहरू चिच्याए, "यसलाई होइन, तर बाराब्बा।" बाराब्बा एक कैदी थिए जसले इस्राएलका रोमी शासकहरू विरुद्ध विद्रोहमा भाग लिएका थिए (१८:४०)।

भीडले येशूलाई मानिस र येशू मसीह, परमेश्वरको पुत्रलाई इन्कार गरे।

## येशू किन जन्मनुभयो

यूहन्नाले येशूले पिलातसलाई भन्नुभएको सुने, “म सत्यको साक्षी दिन जन्मेको हुँ र यस संसारमा आएको हुँ।” (१८:३७) पिलातसले परमेश्वरको सत्य बुझेनन् तर यूहन्नाले येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको सत्य बुझे र विश्वास गरे। यूहन्नाले येशूको सुसमाचारको बारेमा आफ्नो पुस्तकमा यी वचनहरू लेखे जुन यस सत्यको साक्षी हुन्ः
“परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो। उहाँमा विश्वास गर्ने कोही पनि मर्ने छैन तर अनन्त जीवन पाउनेछ।” (३:१६) “परमेश्वरले आफ्नो पुत्रलाई संसारको न्याय गर्न संसारमा पठाउनु भएन। उहाँले आफ्नो पुत्रलाई उहाँद्वारा संसार बचाउन पठाउनुभयो।” (३:१७) “जसले सत्यद्वारा जिउँछ, ऊ ज्योतिमा आउँछ... परमेश्वरको मद्दतले।” (३:२१)
पछि, यूहन्नाले विश्वासीहरूको नयाँ संगतिहरूलाई यी वचनहरू लेखेः “जीवनको वचन येशू को बारेमा हामी सबैलाई यही घोषणा गर्छौं। उहाँ सुरुदेखि नै यहाँ हुनुहुन्थ्यो। हामीले उहाँलाई सुनेका छौं। हामीले उहाँलाई आफ्नै आँखाले देखेका छौं। हामीले उहाँलाई नियालेका छौं। हाम्रा हातहरूले उहाँलाई छोएका छन् ... हामी उहाँको बारेमा साक्षी दिन्छौं। र हामी तपाईंहरूलाई त्यही अनन्त जीवन घोषणा गर्छौं। उहाँ पहिले नै पितासँग हुनुहुन्थ्यो। उहाँ हामीलाई देखा पर्नुभएको छ। हामीले जे देखेका र सुनेका छौं, त्यो हामी तपाईंहरूलाई घोषणा गर्छौं। हामी यसो गर्छौं ताकि तपाईंहरूले हामीसँगै जीवन बाँड्न सक्नुहोस्। र हामी पिता र उहाँको पुत्र येशू ख्रीष्टसँग जीवन संगति बाँड्छौं। हामी यो तपाईंहरूको आनन्दपूर्ण बनाउन लेख्दैछौं।” (१ यूहन्ना १:१–३)

## यस विषयमा कुरा गर्नुहोस्ः

१. येशूले आफ्नो गिरफ्तारीमा के भन्नु र के गर्नु पर्छ भनेर कसरी थाहा पाउनुभयो (१८:४)?
२. सिपाहीहरूमाथि आक्रमण गरेर पत्रुसले कसरी परमेश्वरको उद्देश्यमा बाधा पुर्‍याए/ (१८:११)? येशूले के भन्नुभयो र के गर्नुभयो?
३. येशूले भन्नुभएको ‘कष्टको कचौरा’ को अर्थ के थियो (१८:११)?
४. येशूको परीक्षाको नियन्त्रण कसको हातमा थियो?
५. पत्रुस किन रोए (१८:२७; यूहन्ना १८:२७)? मर्कूस १४:३०)? उनले कसरी आफ्ना प्रभुलाई इन्कार गरे (१८:१७,२७)? पत्रुसले येशूका वचनहरू सम्झनुको सरल तरिका के थियो?
६. पिलातसले सोधेको “सत्य के हो?” भन्ने प्रश्नको जवाफ के हो? (१८:३८).
७. परमेश्वरले संसारलाई पापबाट बचाउने आफ्नो योजनामा हन्नसा, कैयाफा र पिलातसलाई कसरी प्रयोग गर्नुभयो? परमेश्वरको योजना पूरा गर्न भीडको मनोबल कसरी परिवर्तन भयो?

**यस बारे सोच्नुहोस्ः** पत्रुसको बारेमा सोच्नुहोस् र आफ्नो प्रभुलाई असफल पार्दा तपाईंलाई सम्झाउन सरल तरिकाहरू प्रयोग गर्न परमेश्वरलाई बिन्ती गर्नुहोस्। के तपाई सजिलै गरी गलत हुँनुहुँदा परमेश्वरले तपाईलाई यस बारे देखाउनुभएको हेर्न तयार हुनुहुन्छ, ताकि तपाई ठूलो समस्याहरुको लागि उहाँको इच्छामा रहन सक्नुभएकोहोस्? के तपाईं ‘कष्टको कचौरा’ स्वीकार्न र येशू र परमेश्वर माथिको आफ्नो विश्वासको गवाही दिन तयार हुनुहुन्छ? के तपाईं येशूलाई पछ्याउन तयार हुनुहुन्छ?

## बाइबल अध्ययन: यूहन्ना अध्याय १९
## धर्मगुरुहरू "उहाँलाई क्रूसमा टाँग्नहोस्" भनेर चिच्याउँछन् ।

पिलातसले येशूलाई कोर्रा हान्ने आदेश दिए। 'सिपाहीहरूले काँढाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्रपहिराइदिए, र उहाँको नजिक आएर भने, "प्रणाम, यहूदीहरूका राजा!" अनि तिनीहरूले उहाँलाई थुक्न लाए।' (१९:१-३)

फेरि एकपटक पिलातस बाहिर गए र मानिसहरूलाई भने, "म यिनमा केही दोष पाउँदिनँ।" (१९:४) येशूले बाहिर उहाँलाई पछ्याउनुभयो। उहाँ काँडाको मुकुट र बैजनी लुगा लगाएर तिनीहरूको अगाडि उभिनुभयो (१९:५)। मुख्य पूजाहारीहरू र तिनीहरूका अधिकारीहरूले येशूलाई देख्ने बित्तिकै चिच्याए, "उहाँलाई क्रूसमा  टाँग्नुहोस् ! उहाँलाई क्रूसमा टाँग्नुहोस् !"

तर पिलातसले जवाफ दिए, "तिमीहरूले नै यिनलाई लगेर क्रूसमा टाँग" तिनले तेस्रो चोटि यसो भने, "म यिनमा केही दोष पाउँदिनँ!" (१९:६)

धर्मगुरुहरूले पिलातसलाई जवाफ दिए, "हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्‍वरको पुत्र तुल्याएको छ।" (१९:७)

'जब पिलातसले यो सुने, तिनी झनै डराए।' (१९:८) तिनी थप जान्न चाहन्थे तर येशूले जवाफ दिनुभएन। तिनले येशूलाई भने, "के तिमी मसँग बोल्दैनौ? तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन?" (१९:१०)

येशूले भन्नुभयो कि परमेश्‍वरले मात्र पिलातसलाई शक्ति दिनुभएको थियो। येशूलाई थाहा थियो कि उहाँका पिता नियन्त्रणमा हुनुहुन्छ। "तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढी पापको दोषी छ।" (१९:११) यसरी येशूले पिलातसलाई परमेश्‍वरको योजना परिवर्तन गर्न आफू असमर्थ छु भनेर स्पष्ट पार्नुभयो।

त्यसपछि पिलातसले येशूलाई मुक्त गर्ने कोसिस गरे, तर यहूदी अगुवाहरू चिच्याउँदै भने, "यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खडा हुन्।" (१९:१२) त्यस समयमा सिजर रोमी सम्राट थिए।

पिलातस न्यायाधीशको आसनमा बसे। निस्तार-चाडको तयारीको दिन मध्यान्नको समय थियो। पिलातसले यहूदीहरूलाई भने, "हेर, तिमीहरूका राजा!" (१९:१३-१४)

यहूदी अगुवाहरूले पिलातसलाई चिच्याए, "लैजानुहोस्, लैजानुहोस्, त्सलाई क्रूसमा टाँगुहोस् !" तिनीहरू येशूको गवाही र उहाँको मसीह हुँ भन्ने दाबीलाई नष्ट गर्न चाहन्थे।

"के म तिमीहरूका राजालाई क्रूसमा टाँगूँ?" पिलातसले तिनीहरूलाई सोधे। "कैसरबाहेक हाम्रो अरू राजा छैन।", मुख्य पूजाहारीहरूले जवाफ दिए (१९:१५)। तिनीहरू पिलातसले येशूको सट्टा बारब्बालाई मुक्त गरोस् भन्ने चाहन्थे (मत्ती २७:२०)।

"त्यसोभए ख्रीष्ट भनिने येशूलाई म के गरूँ?" पिलातसले सोधे। "उहाँलाई क्रूसमा टाँग्नुहोस् !"  भीड चिच्यायो (मत्ती २७:२२)।

पिलातसले केही पानी लिए र भीडको सामुन्ने हात धोए। उनले भने, "म यस मानिसको रगतदेखि निर्दोष छु।" (मत्ती २७:२४)

तिनीहरू चिच्याए, "उसको रगत हामीहरू र हामीहरूका सन्तानाथि परोस् ।" (मत्ती २७:२५) पिलातसले बाराब्बालाई रिहा गरे । अन्तमा, पिलातसले येशूलाई क्रूसमा टाँग्नको लागि सुम्पिदिए (यूहन्ना १९:१६) । सिपाहीहरूले येशूलाई लिएर गए। उनले आफ्नै क्रूसलाई गलगथा भनिने पहाडतिर लगे।



येशूले आफ्नो क्रूस गलगथा डाँडासम्म बोक्नुहुन्छ।

चेला लूकाले गलगथा डाँडासम्म उहाँको पछि लाग्ने भीडबारे लेखे। सिमोन, एक अफ्रिकी, येशूको लागि क्रूस बोक्न भनियो जब यो धेरै भारी भयो (लूका २३:२६) । स्त्रीहरूले पनि उहाँको निम्ति विलाप गर्दै पछ्याए (लूका २३:२७) । येशूले स्त्रीहरूलाई भन्नुभयो, "यरूशलेमका छोरी हो, मेरो निम्तिनरोओ, तर तिमीहरू आफ्नै निम्ति र छोराछोरीका निम्तिरोओ। (लूका २३:२८)। इस्वी संवत् ७० मा रोमी सेनाले यरूशलेम र यसको मन्दिर भत्काउनेछ भनेर तिनलाई थाहा थियो।

येशूलाई आफ्नो मसीहको रूपमा इन्कार गरेर यहूदीहरूले संसारका मुक्तिदाताको मृत्यु र पुनरुत्थानको लागि परमेश्वरको बाटो खोले तर लगभग १९०० वर्षसम्म आफ्नै प्रतिज्ञा गरिएको भूमिमाथिको नियन्त्रण गुमाए!

## येशू क्रूसमा टाँगिनुभएको छ

सिपाहीहरूले येशूलाई शहरको ठीक बाहिर क्रूसमा टाँगिदिए। येशू चिच्याउनुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन् ।" (लूका २३:३४) आफ्नो मृत्युमा येशूले उहाँलाई मार्नेहरूलाई समेत क्षमा गर्नुभयो।

पिलातसले एउटा चिन्ह बनाउन आदेश दिए। त्यसमा यस्तो लेखिएको थियो, "नासरतका येशू, यहूदीहरूका राजा।" रोमी सिपाहीहरूले येशूको शिरमाथि क्रूसमा त्यो चिन्ह टाँसे। यो चिन्ह अरमीक, ल्याटिन र ग्रीक गरी तीन भाषामा लेखिएको थियो (यूहन्ना १९:१९-२०)। यो सन्देश सबैले पढ्न र विश्वास गर्न को लागि थियो!

मुख्य पूजाहारीहरूले पिलातससित तर्क गरे, "यहूदीहरूका 'राजा' भन्ने होइन, तर यसले म यहूदीहरूका राजा हुँ भन्यो भनी लेख्नुहोस्।" (१९:२१)

पिलातसले जवाफ दिए, "मैले जे लेखें, लेखें।" (१९:२२) तिनले येशूबारे लेखेको कुरा परिवर्तन गर्न इन्कार गरे।

चार जना रोमी सिपाहीहरूले उहाँका लुगाहरू आपसमा बाँडे। उहाँको लामो लुगा एउटा ठूलो कपडाको टुक्राबाट बनाइएको थियो (१९:२३)। यो एउटा बहुमूल्य लुगा थियो। तिनीहरूले भने, "यो चाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं।" (१९:२४)

यसले पुरानो करारले भनेको कुरा पुष्टि गऱ्यो। "तिनीहरूले मेरो लुगाहरू आपसमा बाँडे। तिनीहरूले मैले लगाएको लुगाको निम्ति चिट्ठा हाले।" (भजनसँग्रह २२:१८)

# येशूसँगै दुई जना अपराधीलाई क्रूसमा टाँगिएको छ



येशूसँगै दुई जना अपराधीलाई क्रूसमा झुण्ड्याइएको छ। एकले खिल्ली उडाए जसले भने, “के तिमी ख्रीष्ट होइनौ? तिमी आफैलाई र हामीलाई बचाऊ।” (लूका २३:३९)

अर्को अपराधीले भन्यो, “तँ पनि त्यस दण्डमा परेको छस्, तापनि परमेश्‍वरको डर मान्दैनस्? हाम्रो दण्ड त न्योचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्।” (लूका २३:४०-४१)।

उनी येशू तर्फ फर्के र भने, “हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्।” (लूका २३:४२)

येशूले जवाफ दिनुभयो, “साँचौ म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।” स्वर्गलोकको अर्थ स्वर्ग हो (लूका २३:४३; प्रकाश २:७)। यस अपराधीले विश्‍वास गरे र पश्‍चात्ताप गरे जबकि त्यहाँ अझै समय थियो। यस मानिसले पृथ्वीमा आफ्नो जीवनको अन्तमा येशूमा  विश्‍वास गरेर मुक्ति पायो। येशूले आफ्ना पापहरू क्षमा गर्न क्रूसमा हुँदा आफ्नो अधिकार प्रयोग गर्नुभयो। क्षमा गरिएको अपराधी येशूको स्वर्गारोहणपछि उहाँसँगै रहन स्वर्गमा गयो।

# यूहन्ना र तीन मरियमहरु येशूको मृत्य हेर्छन

येशूकी आमा मरियम आफ्नी बहिनीसित क्रूसको छेउमा उभिएकी थिइन्। साथै, क्लोपासकी पत्नी  मरियम र मरियम मगदलीनी (यूहन्ना १९:२५)। येशूले यी विश्‍वासयोग्य स्त्रीहरू र उहाँका चेला यूहन्नालाई देख्नुभयो। येशूले आफ्नी आमालाई भन्नुभयो, “नारी, हेर्नुहोस्, तपाईंको छोरो!” (१९:२६)

येशूले यूहन्नालाई भन्नुभयो, “हेर, तिम्री आमा!” (१९:२७) त्यसैले यूहन्नाले मरियमलाई सान्त्वना दिए र तिनलाई आफ्नै घरमा लगे।

त्यसपछि येशूले भन्नुभयो, “मलाई तिर्खा लाग्यो।”  (१९:२८) भजनसँग्रह ६९:२१ ले तिनलाई तिर्खाको लागि सिर्का दिइएको थियो भनेर बताउँछ। यो येशूको बारेमा एउटा भविष्यवाणी थियो जुन सत्य भयो (१९:२९)।

येशूले क्रूसबाट तल झर्न आफ्नो शक्ति प्रयोग गर्नुभएन। हाम्रा पापहरूको दण्ड पूरा गर्न उहाँले आफूलाई त्यहाँ ठूलो पीडामा राख्नुभयो। चाँडै, येशूले चिच्याउनुभयो, “अब सिद्धियो” (१९:३०). उहाँबारे पुरानो करारका लेखहरू सत्य साबित भएका थिए र अहिले पूर्णरूपमा पूरा भएका छन् भनी उहाँलाई थाहा थियो (यशैया ५३:४-१२)। हामीलाई पापबाट बचाउने परमेश्‍वरको योजना पूरा गर्न अरू केही पनि आवश्यक थिएन।

लूकाले हामीलाई बताउँछन् कि उहाँले यो पनि भन्नुभयो, “हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु।” (लूका २३:४६)

निस्तार-चाडको तयारीको दिन मध्यान्नको समय थियो। त्यो दिन विशेष विश्रामदिनको अघिल्लो दिन थियो। एउटा ठूलो अन्धकार पृथ्वीमा छायो र तिन घन्टासम्म येशू र सारा देशलाई अन्धकारले ढाक्यो। (यो सूर्यको ग्रहण थिएन किनभने निस्तार-चाडको लागि पूर्णिमा थियो।) पृथ्वी हल्लियो र चिहानहरू खोलिए। केही शरीरहरू फेरि जीवित

भए। मन्दिरको वेदीको पर्दा माथिदेखि तलसम्म दुई टुक्रा पारिएको थियो। सिपाहीहरू डराए र एक जनाले भने, "उहाँ निश्चय नै परमेश्वरको पुत्र हुनुहुन्थ्यो!" (मत्ती २७:५१–५३; मर्कूस १५:३९)

यस समयमा, येशूले हाम्रो पापको सजाय लिनुभयो। तिनी परमेश्वरको निम्ति अपवित्र भए। उहाँ हाम्रा निम्ति पाप हुनुभयो र परमेश्वरले आफ्नो पुत्र, आफ्नै 'शरीर र रगत' हाम्रो ठाउँमा मर्न छोड्नुभयो। परमेश्वरले पापलाई हेर्न सक्नुहुन्न त्यसैले येशू पूर्णतया एक्लो हुनुभयो। उहाँ स्वर्गमा उहाँका पिताबाट बिछोडिनुभयो। येशू मर्नुअघि येशूले यसो भन्नुभयो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" (मर्कूस १५:३४) त्यसपछि येशूले शिर झुकाउनुभयो र प्राण त्याग्नु भयो (यूहन्ना १९:३०)।

# येशूको पार्थिव शरीरलाई छाप लगाइएको चिहानमा राखिएको छ

यहूदीहरू रातभरि क्रूसमा लाशहरू छोड्न चाहँदैनथे जुन विश्रामको सुरुआत थियो (व्यवस्था २१:२३)। यहूदीहरूले पिलातसलाई क्रूसमा टाँगिएकाहरूको खुट्टा भाँच्न र तिनीहरूका शरीरहरू तल झार्न सिपाहीहरूलाई भन्न आग्रह गरे (यूहन्ना १९:३१)। क्रूसमा टाँगिएका मानिसहरूको मृत्युलाई गति दिन प्रायजसो तिनीहरूको खुट्टा भाँचिन्थ्यो। एक जना सिपाहीले येशू पहिले नै मरिसकेकाले येशूको हड्डीहरू भाँच्नु भएन भनेर थाहा पाए। बरु तिनले भालाले उहाँको कोखामा घोचे। रगत र पानी निस्कियो (१९:३३–३४)। यी सबै कुराहरू पुरानो करारमा लेखिएझैं भए (प्रस्थान १२ :४६; प्रस्थान १२:४६)। गन्ती ९:१२; भजन संग्रह ३४:२०; जकरिया १२:१०)।

यूहन्नाले यी सबै हेरिरहेका थिए। उनी आफैले लेखे कि उनी एक साक्षी थिए 'तिमीहरू पनि विश्वास गर्न सक ... धर्मशास्त्रको वचन पूरा होस्‌भनेर यी कुरा हुन आए।' (यूहन्ना १९:३५–३७)

अरिमाथियाका यूसुफ गुप्त रूपमा पिलातसकहाँ आए। तिनी असल र धर्मी मानिस थिए। तिनी येशूका गुप्त अनुयायी थिए। तिनले पिलातसलाई येशूको लास मागे। निकोदेमसले तिनलाई मद्दत गरे। दुवै जना यहूदी उच्च अदालत, महासभाका सदस्यहरू थिए। तिनीहरू अन्य यहूदीहरूदेखि डराएकाले गुप्त रूपमा येशूको पछि लागे (१९:३८–३९)। तिनीहरूले उहाँको शरीर लिए र दफन गर्ने लुगाको लामो पट्टीमा मसलाले बेरे (१९:४०)।

यी वफादार सेवकहरूले सर्वशक्तिमान परमेश्वरले शैतानलाई आफ्ना प्रभु र मालिकलाई नाश गर्न अनुमति दिनुभएको देखे। तैपनि, तिनीहरू मार्फत हामीसित हाम्रा मुक्तिदाता येशूको मृत्यु, दफन र पुनरुत्थानको साँचो विवरण छ। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्ने सबैका लागि येशूको बलिदानद्वारा परमेश्वरको मुक्तिको योजना पूरा गर्न र साक्षी दिन तिनीहरूले मद्दत गरिरहेका छन् भनेर तिनीहरूले बुझेनन् !

यूसुफको चिहान नजिकैको बगैंचामा थियो। यो एक दिन उनको आफ्नै दफनको लागि थियो। तिनीहरूले येशूको शरीर त्यहाँ राखे। तिनीहरूले चिहानको प्रवेशद्वारको अगाडि एउटा ठूलो ढुङ्गा घुमाए (मत्ती २७:६०; लूका २३:५३)। सूर्यास्तको समयमा विश्रामदिन सुरु हुनुअघि तिनीहरूसित धेरै समय थिएन (यूहन्ना १९:४१–४२)।

पिलातसले चिहानमा छाप लगाउने र पहरा दिने आज्ञा दिए (मत्ती २७:६५–६६)। येशूको शरीर त्यहाँ दुई रात सम्म रह्यो।

**यस बारेमा कुरा गर्नुहोस्:**

१. के पिलातस येशू विरुद्धको अपराधबाट निर्दोष थिए (मत्ती २७:२४)? पिलातस र यहूदाको निम्ति परमेश्वरको उद्देश्य के थियो?

२. येशूले स्त्रीहरूलाई किन भन्नुभयो, "तिमीहरू आफ्नै निम्तिरोओ छोराछोरीका निम्तिरोओ। " (लूका २३:२८)?

३. येशूले ती दुई अपराधीलाई भन्नुभएका वचनहरूबाट हामी के सिक्न सक्छौं (लूका २३:३९-४३)? के पापबाट मुक्ति पाउन कहिल्यै ढिला भइसकेको छ? मुक्ति पाउन हामीले के गर्नुपर्छ?

४. येशूले किन भन्नुभयो, "अब सिद्धियो" (यूहन्ना १९:३०)?

५. येशूको परीक्षा र मृत्युमा पुरानो करारका लेखहरू पूरा भए (भजनसंग्रह २२:१६-१८; ६९:२१; यूहन्ना १:११, जकरिया १२:१०)?

६. येशूको पार्थिव शरीरलाई किन छाप लगाइएको चिहानमा राखियो (मत्ती २७:६२-६६)?

**यस बारे सोच्नुहोस्:** आज मानिसहरूले येशूलाई इन्कार गर्दा तपाईं के सोच्नुहुन्छ, के भन्नुहुन्छ र के गर्नुहुन्छ? परमेश्वरको उद्धारको योजनाले तपाईं र तिनीहरूका लागि के अर्थ राख्छ? के तपाईं येशूको गुप्त अनुयायी हुनुहुन्छ? इन्कारको प्रलोभनको प्रतिरोध गर्ने शक्तिको लागि उहाँसँग सोध्नुहोस्। विश्वासले उहाँको प्रतिज्ञा गरिएको आत्माको पूर्ण उद्धार र शक्ति प्राप्त गरेर उहाँको मृत्यु र पुनरुत्थानको उद्देश्य पूरा गर्न तपाईंलाई मद्दत गर्न उहाँसँग सोध्नुहोस्।

## बाइबल अध्ययन: यूहन्ना अध्याय २०

## मरियम मग्दलिनीले चिहान रित्तो भेटिन्

येशूको मृत्युको तेस्रो दिन मरियम मग्दलिनी आइतबार बिहानै चिहानमा गइन्। तिनले चिहान खुला पाइन्। त्यो ढुङ्गालाई पल्टाइएको थियो र एक जना स्वर्गदूत त्यसमाथि बसे (यूहन्ना २०:१; मत्ती २८:२)।

स्वर्गदूतले भने, "नडराऊ।" "उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभए बमोजिम उहाँ जीवित भई उठ्नुभएको छ। आओ, उहाँलाई राखिएको ठाउँ हेर। तब चाँडो गएर उहाँका चेलाहरूलाई खबर देओ।" (मत्ती २८:५-७)

मरियम पत्रुस र यूहन्नाकहाँ भागिन् र भनिन्, "तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्" (यूहन्ना २०:२)। उहाँ मृत्युबाट बौरी उठ्नुभएको छ भनेर तिनले विश्वास गर्न सकिनन्।

यूहन्ना र पत्रुस चिहानतिर भागे। यूहन्ना पहिला आइपुगे, तर उनी भित्र गएनन्। उनले त्यहाँ ओछ्यानमा परेका मलमलका पट्टीहरू हेरे (२०:३-४)।

पत्रुसले भित्र पसेर मलमलका पट्टीहरू र येशूको शिर वरिपरि बेरिएको लुगा पनि देखे। यूहन्ना तिनको पछिपछि चिहानमा गए। उनले मरियम र पत्रुसलाई देखे र विश्वास गरे (२०:६-८)। "किनभने तिनीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिले सम्बुझेका थिएनन्।" (२०:९)

## येशू मरियम सामु प्रकट हुनुहुन्छ

पत्रुस र यूहन्ना अरू चेलाहरूकहाँ गए। तिनीहरूले अझै पनि शङ्का गरे तर मरियम चिहान बाहिर उभिएर रोइरहेकी थिइन्। तिनले भित्र हेरिन् र तिनले दुई जना स्वर्गदूतहरूलाई देखिन् जसले सोधे, "नारी, किन रुन्छ्यौ?" (२०:१०-१३)

मरियम रोइन्, "तिनीहरूले मेरा प्रभुलाई लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, म जान्दिनँ।" (२०:१४)

तिनले फर्केर एक जना पुरुषलाई देखिन्। उहाँ पुनरुत्थान हुनुभएका येशू हुनुहुन्थ्यो। उहाँले तिनलाई सोध्नुभयो, "नारी,

तिमी किन रुँदैछ्यौ? कसलाई खोज्छ्यौ?" मरियमले सोचिन् कि उहाँ माली हुनुहुन्छ, त्यसैले तिनले भनिन्, "हजूर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको भए, कहाँ राख्नुभएको छ मलाई भन्नुहोस्, र म उहाँलाई लैजानेछु।" (२०:१५) येशूले तिनको नाउँ "मरियम!" भन्नुभयो। (२० :१४) मरियमले अचानक थाहा पाइन् कि उहाँ प्रभु हुनुहुन्छ । त्यही आवाजले उनलाई धेरै दुष्टात्माहरूबाट मुक्त गरेको थियो (लूका ८:२)। तिनले तुरुन्तै जवाफ दिइन्, "रब्बोनी!" जसको अरामी भाषामा अर्थ 'मेरो गुरु' वा 'मेरो शिक्षक' हो। (यूहन्ना २०:१६)



**येशूले खाली चिहानबाहिर मरियमलाई भेट्नुहुन्छ।**

येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिले सम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु।" (२० :१७) मरियम मग्दलिनी चिहानमा आउने येशूकी पहिलो अनुयायी थिइन्। तिनी आफ्नो बौरिउठाइएका प्रभुलाई भेट्ने पहिलो अनुयायी थिइन्। तिनी येशू जीवित हुनुहुन्छ भनी विश्वास गर्थिन्। उहाँको शरीर कसैले चोरेको थिएन। उनी अब डराएकी थिइनन्।

साहसी भई मरियमले यो खबर चेलाहरूकहाँ पुऱ्याईन। अरूलाई भन्नका लागि उनीसँग आफ्नो जीवनको सबैभन्दा महत्त्वपूर्ण वचनहरू थिए। "मैले प्रभुलाई देखें।" उहाँले उनलाई भन्नुभएको कुरा तिनले तिनीहरूलाई बताइन् (२० :१८)।

## येशू आफ्ना चेलाहरूलाई भेट्न आउनुहुन्छ

त्यही आइतबार साँझ, दस जना चेलाहरू माथिल्लो कोठामा सँगै थिए। तिनीहरू यहूदी अगुवाहरूदेखि डराउँथे किनभने ढोकाहरू बन्द गरिएका थिए। येशू तिनीहरूसामु देखा पर्नुभयो र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्!" (२०:१९)

तिनीहरूले उहाँलाई भूत ठाने तर उहाँले आफ्ना हातहरू बाहिर निकाल्नुभयो र आफ्नो लुगा खोल्नुभयो र तिनीहरूले उहाँको शरीरमा घाउहरू देखे। चेलाहरू आफ्ना बौरि उठाइएका प्रभुलाई देखेर असाध्यै खुसी भए (२०:२०)।

उहाँले फेरि भन्नुभयो, "शान्ति होस्। तिनीहरूलाई थाहा भयो कि उहाँले तिनीहरूलाई भागेको र आफ्नो प्रभुलाई इन्कार गरेको भए तापनि क्षमा गर्नुभयो। "जसरी पिताले मलाई पठाउनुभयो, त्सरी म पनि तिमीहरूलाई पठाउँदछु।" (यूहन्ना २०:२१)। तिनीहरूलाई अब येशूको काम गर्न बोलाइएको थियो।

जब उहाँले यसो भन्नुभयो, उहाँले ती सबैमाथि सास फुक्नुभयो र भन्नुभयो, "पवित्र आत्मा लेओ। जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्न, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन।" (२०:२२-२३) येशूको सुसमाचार प्रचार गर्ने सबै  विश्वासीहरुलाई येशूको नाउँमा पापहरू क्षमा गर्ने समान अधिकार छ।

अब तिनीहरू पवित्र आत्माद्वारा डोऱ्याइएका र सशक्त भएका थिए। पछि, पेन्तिकोसको दिनमा, परमेश्वरले सबै विश्वासीहरू माथि आफ्नो पवित्र आत्मा खन्याउनुभयो (प्रेरित २:२-१३)। पवित्र आत्माले ख्रीष्टियान मण्डलीलाई

संसारलाई साक्षी दिने बुद्धि र शक्ति दिनुहुन्छ। पावल विश्वास गर्थे कि यदि तपाईंसँग खीष्टको आत्मा छैन भने, “तपाईं खीष्टको हुनुहुन्न” (रोमी ८:९)।

येशूले आफूले प्रतिज्ञा गर्नुभएको कुरा गर्नुभयो (यूहन्ना १४:१६)। उहाँले दिनुभएको पवित्र आत्माको वरदान उहाँका चेलाहरूको जीवनमा सबैभन्दा महत्त्वपूर्ण घटना थियो। पवित्र आत्मा मित्र हुनुहुन्छ जसले हामीलाई सहायता गर्नुहुन्छ र हामीमा वास गर्नुहुन्छ। येशूका वचनले जताततै सबै खीष्टियानलाई सुअवसर र जिम्मेवारी दिन्छ। जब हामी सुसमाचार प्रचार गर्छौं, हामीसँग उहाँको शक्ति र बुद्धि हुन्छ। कोही–कोहीले सुसमाचार पाउँछन् र परमेश्वरले तिनीहरूका पापहरू क्षमा गर्नुहुन्छ। अरूले सुसमाचारलाई इन्कार गर्छन् र उद्धार पाउनेछैनन्।



**येशू पुनरुत्थानपछि दस जना चेलाहरूलाई दर्शन दिनुहुन्छ।**

## येशू थोमालाई भेट्न फर्कनुहुन्छ

येशू माथिको कोठामा आउनुहुँदा थोमा अरू चेलाहरूसित थिएनन्। तिनीहरूले थोमालाई भने, “हामीले प्रभुलाई देख्यौं।” तिनले जवाफ दिए, “जबसम्म उहाँका हातमा कीलाहरूका डोब देख्दिन, र कीलाहरूका डोबमा मेरा औँला हाल्दिन, उहाँको कोखामा मेरो हात हाल्दिन, तबसम्म म विश्वास गर्नेछैनँ।” (२०:२५) तिनी साँच्चै विश्वास गर्न चाहन्थे तर तिनलाई शंङ्का थियो। त्यसको एक हप्तापछि थोमा पनि तिनीहरूसित त्यही घरमा बसे। ढोकाहरू बन्द थिए, तर येशू पहिले जस्तै तिनीहरूकहाँ आउनुभयो।

“तिमीहरूलाई शान्ति!” उहाँले भन्नुभयो (यूहन्ना २०:२६)। त्यसपछि येशूले थोमालाई भन्नुभयो “तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।” (२०:२७)

थोमाले विश्वास गरे र जवाफ दिए, “मेरा प्रभु र मेरा परमेश्वर!“

येशूले थोमाको उपासनालाई स्वीकार गर्नुभयो र भन्नुभयो, “धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।” (२०:२८–२९) येशूका यी वचनहरू हामीले आफैमा लागू गर्नुपर्छ !

## यूहन्नाको गवाही

यूहन्नाका लेखहरूमा येशूले गर्नुभएका थुप्रै आश्चर्यकर्महरू मध्ये केही समावेश छन्। त्यहाँ अरू थुप्रै आश्र्चयकर्महरू थिए (२०:३०)। येशू नै परमेश्वरको पुत्र खीष्ट हुनुहुन्छ भनेर हामीले विश्वास गर्न सकून् भनेर उनले यो पुस्तक लेखे। येशूले भन्नुभयो, “तिमीहरूले येशू परमेश्वरका पुत्र, खीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वसद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्तहोस्। (२०:३१)

केही मानिसहरूका लागि येशूको जीवन र मृत्यु एउटा अनौठो पुरानो कथा बाहेक अरू केही होइन। अरू लाखौं मानिसहरूका लागि येशूको जीवन, मृत्यु र पुनरुत्थान मानव इतिहासको सबैभन्दा ठूलो घटना हो। यो परमेश्वरको योजना थियो कि उहाँका पुत्रले इतिहासलाई सदाको लागि परिवर्तन गरून्, र उहाँले तपाईंको जीवन पनि परिवर्तन

गर्न सक्नुहुन्छ।
सबै मानिसहरूका लागि येशू मर्नुभयो ताकी हामी बाँच्न सकौँ (२ कोरिन्थी ५:१५)। हामीले अनन्त दण्डबाट मुक्ति पाउने अर्को कुनै उपाय थिएन।
विश्वासद्वारा येशूलाई ग्रहण नगर्नेहरू सबै आ–आफ्ना पापहरूमा मर्नेछन् (यूहन्ना ३:३६)। अनि परमेश्वरको पुत्र येशूलाई पछ्याउने र पश्चात्ताप गर्नेहरू सबै उहाँजस्तै बन्छन्। हामी उहाँसँग सधैंभरि महिमामा रहनेछौं (१४:२–३; कलस्सी ३:४)।


**यस बारेमा कुरा गर्नुहोस्:**
१. येशू मृत्युबाट बौरी उठ्नुभयो भनेर यूहन्नाले कस्तो प्रमाण दिन्छन् (२०:५–८,२०)?
२. मरियमको डरलाई कुन कुराले आनन्दमा बदलिदियो (२०:१६)? तिनले अरू विश्वासीहरू सित कस्ता महत्त्वपूर्ण वचनहरू बाँडिन् (२०:१७)?
३. येशूको पुनरुत्थानपछि कसले उहाँलाई देख्यो? सुरुमा कसले शङ्का गऱ्यो?
४. चेलाहरूले कसरी थाहा पाए कि उनीहरूलाई क्षमा गरिएको छ र येशूको लागि एक विशेष काम गर्न बोलाइएको छ (२०:२१–२२)?
५. चेलाहरूमाथि सास फुक्दा येशूले के प्रतिज्ञा गर्नुभयो (२०:२२–२३)?
६. येशूले थोमालाई के भन्नुभयो (२०:२७,२९)? थोमाले विश्वासका कस्ता सरल वचनहरू भने?

**यस बारे सोच्नुहोस्:** तपाईंको डर आनन्दमा परिणत भएको समय के तपाईं सम्झनुहुन्छ र त्यसको लागि धन्यवाद दिनुहुन्छ? के तपाईं येशूको सुसमाचारद्वारा अन्य विश्वासीहरुलाई प्रोत्साहन दिनुहुन्छ (२०:१७–१८)? उहाँमा विश्वास गर्ने सबैलाई येशूले कस्तो प्रोत्साहन दिनुभयो (२०:२९)? यूहन्नाले आफ्ना पाठकहरूलाई कस्तो प्रतिज्ञा गरे (२०:३१)? तपाईंको लागि सबैभन्दा महत्त्वपूर्ण वचनहरू के हुन्?

## बाइबल अध्ययन: यूहन्ना अध्याय २१
## चेलाहरू माछा मार्न जान्छन्

यसको केही दिनपछि, येशू गालील समुद्रको किनारमा आफ्ना चेलाहरू सामु फेरि देखा पर्नुभयो (२१:१)। उहाँले आफ्ना चेलाहरूलाई त्यहाँ उहाँलाई भेट्न भन्नुभयो (मत्ती २८:७,१०)। पर्खंदै गर्दा पत्रुसले भने, “म माछा मार्न जाँदैछु।” येशूले अरू छ जना चेलाहरूलाई पनि आफूसँगै लिएर जानुभयो। तिनीहरू डुङ्गामा गए तर रातभरि केही पनि पाएनन् (२१:२–३)। बिहान सबेरै येशू किनारमा उभिनुभयो, तर चेलाहरूले उहाँ “येशू” नै हुनुहुन्छ भनेर बुझेनन्। तिनीहरूले उहाँलाई अपरिचित ठान्नुभयो। येशूले तिनीहरूलाई भन्नुभयो, “बालक हो, तिमीहरूसँग केही माछा छ?”
“छैन” तिनीहरूले जवाफ दिए (२१:४–५)।
किनारमा भएको अपरिचित मानिसले भन्यो, “जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ।” जब तिनीहरूले यसो गरे, तिनीहरूले जाललाई डुङ्गामा तान्न सकेनन्। त्यहाँ धेरै माछाहरू थिए (२१:६)।
यूहन्नाले पत्रुसलाई भने, “उहाँ प्रभु पो हुनुहुँदोरहेछ।” पत्रुसले आफ्नो कोट लगाए र पानीमा हामफाले। अरू चेलाहरूले डुङ्गाको पछाडी माछाले भरिएको जाल ताने। किनारा लगभग १०० मिटर टाढा थियो (२१:७–८)।

जब तिनीहरू त्यहाँ पुगे, तिनीहरूले आगो जलिरहेको देखे। त्यसमा माछाहरू थिए। त्यहाँ केही रोटी पनि थियो। येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले भर्खरै समातेका केही माछाहरू ल्याऊ।" त्यहाँ १५३ वटा माछाहरू थिए तर जाल च्यातिएको थिएन (२१:९-११)। येशूले तिनीहरूलाई भन्नुभयो, "आएर खाओ"
'येशू आउनुभयो र रोटी लिएर तिनीहरूलाई दिनुभयो, र त्सै गरी माछा पनि दिनुभयो। मृतकबाट जीवित भइउठ्नुभएपछि येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पलथियो। (२१:१३ - १४)



**येशू पुनरुत्थानपछि दस जना चेलाहरूलाई दर्शन दिनुभयो।**

## येशूले पत्रुसलाई जाँच्नुहुन्छ र के गर्नुपर्छ भनेर उसलाई बताउनुहुन्छ

त्यस दिन पछि येशूले पत्रुसलाई आफ्नो मालिकलाई कत्तिको माया गर्नुहुन्छ भनेर जाँच्नुभयो। येशूले पत्रुससँग उहाँको पुरानो नाउँ प्रयोग गरेर कुरा गर्नुभयो। "यूहन्छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्बढी प्रेम गर्दछौ?" (२१:१५)
पत्रुसले आफ्ना प्रभुलाई कसरी जवाफ दिने भनेर थाहा थिएन किनभने उनको परीक्षामा तिनले तीन चोटि उनलाई इन्कार गरेका थिए। "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।"
येशूले भन्नुभयो, "मेरा पाठाहरूलाई खुवाउ।" पत्रुसले नयाँ विश्वासीहरूलाई सिकाऊन् भन्ने उहाँ चाहनुहुन्थ्यो।
येशूले फेरि सोध्नुभयो, "यूहन्छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ?" उनले जवाफ दिए, "ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।"
येशूले भन्नुभयो, "मेरा भेडाहरूको हेरचाह गर।" पत्रुसले नयाँ विश्वासीहरुलाई बलियो र हेरचाह गरेको उहाँ चाहनुहुन्थ्यो। तीन चोटि पत्रुसले येशूलाई उहाँको परीक्षामा इन्कार गरेका थिए, र अब येशूले तिनलाई तेस्रो चोटि सोध्नुभयो, "यूहन्नाको छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ?"
जब पत्रुसले जवाफ दिए, "प्रभु, तपाईं सब कुरा जान्नुहुन्छ। म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ।" येशूले तिनलाई भन्नुभयो, "मेरा भेडाहरूलाई खुवाउ।" (२१:१७) पत्रुसले सबै विश्वासीहरुलाई परमेश्वरबाट आएका गहिरा सत्यहरू सिकाऊन् भनेर उहाँ चाहनुहुन्थ्यो। येशू पक्राउ पर्नुभन्दा ठीक अघि उहाँले पत्रुसलाई भन्नुभयो, "तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्मरण गराऊ।" (लूका २२:३२) येशूले आफ्ना चेलाहरू, पाठाहरू र भेडाहरूलाई पत्रुसको हेरचाहमा भरोसा गर्नुभयो।
यदि तपाईं भेडाको साँचो गोठालो हुन चाहनुहुन्छ भने तपाईंले असल गोठाला येशूलाई प्रेम गर्नुपर्छ। पत्रुसलाई पूर्णतया क्षमा गरियो। उनी अफ्नै पनि येशूद्धारा चुनिएको अगुवा थिए।

तिनले हालै गरेको इन्कारले एउटा प्रश्न खडा गर्‍यो, "पत्रुस, के तिमी मलाई यिनीहरूभन्बढी प्रेम गर्दछौ?" येशूले हामी सबैलाई अन्य मानिसहरू वा अन्य चीजहरू भन्दा उहाँलाई प्रेम गर्न आह्वान गर्नुहुन्छ।

येशूले पत्रुसलाई आफू सानो छँदा आफूले चाहेको कुरा गर्न वा आफूले चाहेको ठाउँमा जान स्वतन्त्र छु भन्नुभयो। तर "साँच्चै, म तिमीलाई भन्छु, जब तिमी जवान थियौ तिमी आफैले आफ्नै पटुका बाँध्थ्यौ, र जहाँ इच्छा लाग्छ जान्छौ। तर जब तिमी बूँढा हुनेछौ, तब तिमीले आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौ।" पत्रुस कैदीको रूपमा मर्नेछन् भनेर येशूले भविष्यवाणी गर्नुभयो। आफ्नो मृत्युद्वारा उसले परमेश्वरको महिमा ल्याउनेथियो (यूहन्ना २१:१८)। पत्रुस रोममा शहीदको रूपमा मरे।

अन्तमा, येशूले पत्रुसलाई भन्नुभयो , "मेरो पछि लाग!" पत्रुसले येशूको आह्वान पालन गरे। पत्रुसले येशूलाई इन्कार गरेका थिए। तिनलाई क्षमा दिइयो। येशूसितको तिनको मित्रता फेरि स्थापित भयो। तिनले अब आफूलाई दोषी महसुस गरेनन्। येशूप्रतिको तिनको प्रेम पूर्णतया पुनर्स्थापित भयो। उहाँको प्रेम अब पाप, लाज वा अपराधबोधले बाधा पुगिएको थिएन। एक समय ऊ कमजोर थियो, अहिले उ बलियो भएको छ। येशूले उनलाई मुक्तिदाता ख्रीष्टको सुसमाचार प्रचार गर्न, नयाँ विश्वासीहरूको हेरचाह गर्न र परमेश्वरको सत्यता सिकाउन बोलाउनुभयो।

नयाँ विश्वासीहरूले प्रोत्साहन दिन र मण्डली निर्माण गर्ने 'चट्टान' बन्न तिनलाई बोलाइएको हो भनेर पत्रुसलाई पहिल्यै थाहा थियो। तर एक जना जवान विश्वासीको सोचाइ, वचन र कामलाई रोक्नुपर्छ भनेर पनि तिनले सिक्नुपर्छ। ऊ वृद्ध, परिपक्व, विश्वासीको अनुशासन र बलिदानको लागि तयार हुनुपर्छ र प्रभुका आज्ञाहरू पालन गर्नुपर्छ।

येशू स्वर्ग फर्कनुभएको केही दिनपछि पत्रुसले आफ्नो पहिलो प्रवचन प्रचार गरे। 'त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्या थपिए।' (प्रेरित २:४१) तिनीहरू दिनहुँ सँगै भेला भए र एक-अर्काको साझा र हेरचाह गरे र परमेश्वरले उनीहरूलाई आशिष दिनुभयो (प्रेरित २:४२-४७)।

पत्रुस आफ्नो जीवनको अन्तसम्म येशूको अनुयायी थिए। तिनी येशूका निम्ति बाँचे र येशूका निम्ति मरे।

## येशूको ईश्वरीय आज्ञा

पत्रुसले येशूलाई यूहन्नालाई के हुनेवाला छ भनेर सोधे (२१:२१)। येशूले भन्नुभयो, "म नआएसम्म तिनी पर्खिरहून् भन्ने मेरो इच भए पनि तिमीलाई के? तिमी मेरो पछि लाग।" (यूहन्ना २१:२२) पत्रुसले आफ्नो नजर अरू कसैमाथि नभई येशूमा राख्न सिकिरहेका थिए। परमेश्वरको राज्यमा हरेक अनुयायीले गर्नुपर्ने काम फरक-फरक हुन्छ। यो हामी को हौं, हामी कहाँ छौं र हामी के हौं भन्ने कुरामा निर्भर गर्दछ।

यहाँ मुख्य ध्यान येशू र पत्रुस हुनुहुन्छ, तर अरू चेलाहरूमध्ये कम्तीमा छ जनाले पनि येशूका निर्देशनहरू पालन गरे। यी चेलाहरूको काम र आज्ञाकारिता बिना येशूको व्यापक सेवकाई हुने थिएन। येशूका सबै अनुयायीहरूलाई यो सुसमाचार अरूलाई सुनाउन बोलाइएको छ। यसलाई ईश्वरीय आज्ञा भनिन्छ (प्रेरित १:८)। येशूका अरू अनुयायीहरूसित भेट्न र बाहिर गएर अरूलाई उहाँको सेवकाईमा भाग लिन र धेरैलाई परमेश्वरको सत्यताबारे सिकाउन हामी कहिल्यै बेवास्ता नगरौं।

यूहन्नाले यी वचनहरूद्वारा आफ्नो पुस्तक समाप्त गरे। "येशूले अरू पनि धेरै काम गर्नुभयो। ती मध्ये प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तहरू संसारैभरि पनि अटाउने थिएनन्।" (२१:२५)

**यस बारेमा कुरा गर्नुहोस्:**

१. के हामी येशूलाई नपर्खिकन केही गर्न परीक्षामा पर्छौं (२१:३)?

२. येशूले माछा मारेको भेट्टाउँदा पत्रुसले के गर्नुभयो (२१:७)?

३. येशूले शिमोन पत्रुसलाई कस्ता प्रश्नहरू सोध्नुभयो (२१:१५-१७)? येशूलाई इन्कार गरेकोमा पत्रुसले कस्तो महसुस गरे?

४. येशूले पत्रुसलाई पछाडि नफर्की अघि बढ्न कसरी प्रोत्साहन दिनुभयो (२१:१५-१७)?

५. पत्रुसले भविष्यमा येशूको पछि लाग्दा के हुनेवाला थियो (२१:१८-१९)? यसले कस्तो महिमा ल्यायो?

६. यूहन्नाको बारेमा कुरा गरिसकेपछि येशूले पत्रुसलाई किन "मेरो पछि लाग" भन्ने वचनहरू दोहोऱ्याउनुभयो (२१:२२)?

**यस बारे सोच्नुहोस्:** के तपाईंले परमेश्वरले आफ्ना सबै पापहरू क्षमा गरिदिन बिन्ती गर्नुभएको छ? के तपाईं विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईंलाई क्षमा गर्नुभएको छ? "के तिमी मलाई प्रेम गर्छौ?" भन्ने येशूको प्रश्नमा तपाईंको जवाफ के हो? "म तपाईं प्रभुलाई प्रेम गर्छु" भन्न सजिलो छ? येशूले "मलाई पछ्याउ" भन्नुको अर्थ के हो? तपाईंको लागि उहाँको विशेष उद्देश्य तपाईंलाई बताउन उहाँलाई सोध्नुहोस्। उहाँको र अरूको सेवामा उहाँको पवित्र आत्माको बुद्धि, शक्ति र करुणा माग्नुहोस्।


## निष्कर्ष

यूहन्नाले हामीलाई परमेश्वरको पुत्र येशूका थुप्रै शिक्षाहरू र आश्चर्यकर्महरूबारे बताउँदछन्। उनले हामीलाई उहाँको मृत्यु र पुनरुत्थान अघि येशूका धेरै प्रार्थनाहरूको बारेमा पनि बताउँदछन्। यूहन्नाले यी कुराहरू देखे। उनका वचनहरूले हामीलाई पृथ्वीमा येशूको सेवकाई र उहाँको जीवन, मृत्यु र पुनरुत्थानमा परमेश्वरको उद्देश्यको रहस्य बुझ्न मद्दत गर्छ। हाम्रा पापहरूको सजायद्वारा, पापीहरूले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्छन् र पश्चताप गर्छन् भने तिनीहरूले मुक्ति पाउन सक्छन्। निर्दोष पशुहरूको रगतको बारम्बार बलिदानको सट्टा, येशूको रगतको बलिदान येशू ख्रीष्टलाई हाम्रो जीवनमा स्वीकार गऱ्यौं भने परमेश्वरसँग स्वर्गमा अनन्त जीवनको आनन्द उठाउन पर्याप्त छ। उहाँले मात्र हामीलाई परमेश्वरको सन्तानको रूपमा उहाँका पितासित विशेष सम्बन्ध राख्न र पृथ्वीमा जीवनको विशेष उद्देश्य राख्न सक्षम पार्नुहुन्छ।

बाइबलको अर्को पुस्तक, प्रेरितहरूको कार्यहरू, स्वर्ग फर्कनुअघि येशूले आफ्ना अनुयायीहरूलाई फेरि कसरी भेट्नुभयो भनेर बताउन सुरु हुन्छ। येशूको नाउँमा प्रचार गर्न र निको पार्न जानुअघि उहाँले तिनीहरूलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको शक्तिको आगमन पर्खन निर्देशन दिनुभयो। एक स्वर्गदूतले तिनीहरूलाई भने कि उहाँ चाँडै फेरि पृथ्वीमा फर्कनुहुनेछ (प्रेरित १:४-११)।

# प्रार्थना, स्तुति र मध्यस्थता

“प्रभु येशू, हामी तपाईंलाई धन्यवाद दिन्छौं कि तपाईं बाटो, सत्य र जीवन हुनुहुन्छ र हामी तपाईं र तपाईंमार्फत मात्र पिताकहाँ आउन सक्छौं। हामीसँग अनन्त जीवन छ किनभने तपाईंले हाम्रो लागि के गर्नुभयो जब तपाईं मर्नुभयो र फेरि जीवित हुनुभयो। तपाईं पाप र मृत्युमाथि विजयी हुनुभयो, र हामी तपाईंको प्रशंसा गर्दछौं कि हाम्रो दण्ड लिनुभयो र तपाईंको महिमामय पुनरुत्थानको शक्ति हामीसँग साझेदारी गर्नुभयो। स्वर्गमा प्रत्येक अनुयायीले आफ्नो आँखाबाट सबै आँसु पुछिदिनेछन् भन्ने तपाईंको प्रतिज्ञाको लागि धन्यवाद। आजको लागि यो वास्तविकता र भविष्यको लागि अद्‌भुत आशाले हामीलाई बलियो बनाओस् किनकि हामी तपाईंमार्फत  परमेश्वरलाई प्रार्थना गर्दछौं, विशेष गरी गरिबी र सतावट, द्वन्द्व र विपत्ति, शोक र घर र परिवारका सदस्यहरूको क्षतिको साथ बाँचिरहेका हाम्रा ख्रीष्टियान भाइबहिनीहरूको लागि। (बर्णाबास एड यूके, ३१ मार्च २०२४)



## **येशू परमेश्वर हुनुहुन्छ भनी पुष्टि गर्ने येशूका सात महान "म हुँ" वचनहरू**

येशू मानिसको पुत्र मात्र होइन तर परमेश्वरको पुत्र पनि हुनुहुन्छ।  बइबलमा सात एक महत्वपूर्ण संख्या हो र यूहन्नाले यो सत्य पुष्टि गर्न येशूका यी सात शिक्षाहरू अभिलेख गरेका छन्। यूहन्ना येशूका सबैभन्दा नजिकको चेला थिए र यी शिक्षाहरूको महत्व हामी सबैको लागि देख्न सक्थे। उनका यहूदी पाठकहरूले किन भन्ने बुझ्थे !

- यूहन्ना ६:३५, ४१, ४८, ५१। "जीवनको रोटी **म हुँ**।" येशू आत्मिक रोटी र पानीको स्रोत हुनुहुन्छ।
- यूहन्ना ८:१२। "संसारको ज्योति **म हुँ**।" येशूका अनुयायीहरूले परमेश्वरको ज्योति प्राप्त गर्नेछन् र यस संसारको अन्धकारबाट छुटकारा पाउनेछन्।
- यूहन्ना १०:७–९ "भेडाहरूको द्वार **म हुँ**।" येशू विश्वासीहरूको लागि स्वर्ग प्रवेश गर्न र अनन्त जीवन पाउन त्यहाँ हुनुहुन्छ।
- यूहन्ना १०:११, १४। "असल गोठालो **म हुँ** ।" येशूले आफ्ना अनुयायीहरू (भेडाहरू) को लागि आफ्नो जीवन दिनुभयो।
- यूहन्ना ११:२५। "पुनरुत्थान र जीवन **म हुँ**।" येशूले हाम्रा शरीरहरूको लागि पुनरुत्थान र हाम्रा आत्माहरूको लागि अनन्त जीवन दिनुहुन्छ।
- यूहन्ना १४:६। "बाटो, सत्य र जीवन **म हुँ** ।" येशूले हामीलाई स्वर्गको बाटो देखाउनुहुनेछ किनभने उहाँ बाटो हुनुहुन्छ, परमेश्वर स्वयंको सत्यको साक्षी र स्वर्गमा अनन्त जीवन हुनुहुन्छ।
- यूहन्ना १५:१,५। "साँचो दाखको बोट **म हुँ** र मेरा पिता माली हुनुहुन्छ।" ख्रीष्टियनहरू येशू, इस्राएलका मसीहका हाँगाहरू हुन्।

प्रकाशितः
न्यू लाइफ फेमिली राइजीङ् मिनिस्ट्रिज
वितरण गरिएकोः

टाइपसेटः तिमोथि थापा

मुद्रितः जायन हाउस प्रा. लि.

**यूहन्नाको सुसमाचार भाग २, अध्याय १२ देखि २१**
**पृथ्वीमा येशूका अन्तिम दिनहरू**

**परमेश्वरले मन्ना बाईबल शिक्षण टिप्पाणीलाई तल उल्लेखित भाषाहरूमा प्रकाशन गर्न सक्षम बनाउनु भएको छ** :

एङ्गोला, आरमेनियन, बेनिन, बुल्गेरियन, बुर्किना, फासो, बुरुण्डी कम्वोडियान, क्यामरुन, चाड, कङ्गो डोमेनिकन रिपव्लिक, (किनाशा र काटाङ्गा) कङ्गो रिपव्लिक (ब्राजाभाईल), इजिप्ट, इक्वेटोरियल ग्युनेय, इथियोपिया घाना, ग्वाटेमाला, हाईटी, भारत, आईभरी कोस्ट, केन्य, कोसोभो, लाईबेरिया, मालावी, माली, मेक्सिको, मँगोलिया, मोजम्वीक, म्यानमार, नाईजर, नाईजेरिया, पाकिस्तान, रुवाण्डा, साईबेरिया, सेरेलियोन, दक्षिण अफ्रिका, सुडान, स्वजील्याण्ड, तान्जानिया, टोगो, युगाण्डा, जाम्विया र जिम्बावे र २ वटा ब्रेल लिपि सहित ४२ वटा भाषहरूमा प्रकाशन गरिएको छ।

**अँग्रजी, फ्रान्स, पोर्जुगिज र स्पेनीश भाषामा बाईबल शिक्षाण टिप्पाणिहरू सम्बन्धि सजिलोसँग जानको लागि हाम्रो वेभसाईटमा** www .manna-publications .org .uk जानुहोस् ।
अभिभावक सँस्था **मन्ना प्रकाशन (अमेरिका)**: www .mannapublications .org
**Avail,** UK registered charity 1017386 **सँग सम्बन्ध भएको,**

# यूहन्नाको सुसमाचार भाग २, अध्याय १२ देखि २१
# येशूका पृथ्वीमा अन्तिम दिनहरू

- येशूले आफ्ना अनुयायीहरूका लागि गर्नुभएको प्रार्थनाहरू
- एकतामा परमेश्वर र अरूलाई प्रेम गर्ने आज्ञाहरू
- सबै विश्वासीहरूका लागि पवित्र आत्माको प्रतिज्ञा
- येशूको परीक्षा, मृत्यु र पुनरुत्थान
- कसरी पत्रुसले येशूलाई इन्कार गरे तर क्षमा पाए
- येशूद्वारा सबै विश्वासीहरूलाई सेवाकाईको आह्वान

**यो दोस्रो पुस्तकले** यूहन्नाको सुसमाचारमा येशूका शिक्षाहरू र आश्चर्यकर्महरूको बारेमा अझै धेरै बताउँछ। यूहन्नाले येशूले आफ्नो लागि र आफ्ना अनुयायीहरूका लागि गर्नुभएको प्रार्थनाहरू पनि अभिलेख गरेका छन्। यूहन्ना येशूको परीक्षा र क्रूसीकरणमा उहाँको नजिक थिए। उनले हामीलाई येशू स्वर्ग फर्कनुअघि मृत्युबाट बौरिनुभएको स्पष्ट प्रमाण दिन्छन्। यूहन्नाले विश्वास गरे कि येशू यहूदी मसीह हुनुहुन्थ्यो, जसलाई पापहरू क्षमा गर्ने अधिकार र शक्ति छ, ताकि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्ने सबैले उहाँसँग सधैंभरि बस्न सकून्। येशूले हामी सबैलाई उहाँलाई प्रेम गर्न, उहाँलाई पछ्याउन र परमेश्वर र अरूको सेवा गर्दै नयाँ जीवन जिउन आह्वान गर्नुहुन्छ। यस टिप्पणीले येशूका महान "म हुँ" वचनहरू सूचीबद्ध गर्दछ जसले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी पुष्टि गर्दछ।

**मन्ना प्रकाशनले** फ्रेड मोरिसद्वारा लेखिएका साना बाइबल शिक्षा टिप्पणीहरू प्रकाशित गर्दछ। धेरै वर्षसम्म फ्रेड र उनकी पत्नी लोर्ना संसारभर शिक्षा दिँदै र प्रचार गर्दै यात्रा गरे। उनका पुस्तकहरू पढ्न, बुझ्न र अन्य भाषाहरूमा अनुवाद गर्न सजिलो छन्। तिनीहरूले आफ्नै प्रयोग गर्न वा समूहमा अध्ययन गर्न आधारभूत शिक्षाहरू दिन्छन्, साथै बाइबल विद्यार्थी, शिक्षक र पास्टरहरूका लागि अतिरिक्त टिप्पणीहरू प्रदान गर्दछन्।

**यी पुस्तकहरूले** तपाईंलाई सर्वशक्तिमान परमेश्वरबाट आएको सत्यता बुझ्न मद्दत गर्नेछन्। उहाँलाई संसारभरका लाखौं यहूदी र ख्रीष्टियनहरूद्वारा आराधना गरिन्छ। यी पुस्तकहरूले तपाईंलाई परमेश्वरको पुत्र, येशू ख्रीष्टद्वारा मुक्ति र अनन्त जीवन प्राप्त गर्न पनि मद्दत गर्नेछन् जो इस्राएलका मसीह हुनुहुन्छ। यिनीहरूले तपाईंलाई परमेश्वरमा आफ्नो विश्वासको बारेमा कुरा गर्न र उहाँलाई प्रार्थना गर्न मद्दत गर्नेछन्। यिनीहरूले तपाईंलाई जीवनमा गलत बाटो जानबाट मार्गदर्शन गर्न मद्दत गर्नेछन्। यिनीहरूले तपाईंलाई उहाँको पवित्र आत्माको प्रेम र शक्तिद्वारा परमेश्वरलाई प्रसन्न पार्ने जीवन जिउन मद्दत गर्नेछन्। यो येशूको क्रूसीकरण र पुनरुत्थान पछि सबै विश्वासीहरूलाई प्रतिज्ञा गरिएको थियो जसले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्दछन्।

**हामी प्रार्थना गर्दछौं** कि तपाईंले परमेश्वरमा भरोसा गर्दै, बाइबल पढ्दै र यी टिप्पणीहरू प्रयोग गर्दै जीवनमा नयाँ शान्ति र उद्देश्य पाउनुहुनेछ। तपाईंले परमेश्वरबाट आएको पुरानो र नयाँ करारको सत्यता अध्ययन गर्दा, येशूले सिकाउनुभएको र तपाईंको मुक्तिको लागि २००० वर्ष अघि भोग्नुभएको कुराहरू र उहाँको आगमनको लागि मार्ग तयार पार्न आज तपाईंलाई भन्न र गर्न आह्वान गरिरहनुभएको कुराहरूको बारेमा सोच्नुहोस्।

## मन्ना प्रकाशन
## आधारभूत बाइबल शिक्षा टिप्पणीहरू
## परमेश्वरका राज्यको रहस्य तिमीहरूलाई दिइएको छ। (मर्कूस ४:११)